# प्रदेश सभा
# गण्डकी प्रदेश
# दशौं अधिवेशन
# (तिसौँ बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७९।०४।१२ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा  दिनको १ बजेर ११ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको वैठकको कारवाही प्रारम्भ हुन्छ ।  माननीय सदस्यहरु, सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोलन चाहनु हुने माननीय सदस्यहरुको लागि १ मिनेट निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री आशा कोइराला, तनहुँ ।

**माननीय आशा कोइराला**

माननीय सभामुख महोदय, तनहुँको खैरेनीटारबाट भिमाद हुँदै दक्षिण भेगको घिरिङ ऋषिङ भिरचोक जाने मुख्य नाका सिंगमार्ग सामरिक महत्वको मार्ग हो । गण्डकी प्रदेश सररकारको गौरवको योजना समेत रहेको कोरोला त्रिवेणी मार्ग तनहुँ जिल्लाको दक्षिण वेल्ट हुँदै नवलपुर, पाल्पा र स्याङ्जा जिल्लाको समेत महत्वपूर्ण मार्ग रहेको छ।   गत जेठ महिनामा गएको बाढीले भिमाद-५, मालेवगर स्थित गुडुवा खोलामा भएको मोटरेवल बगाएसँगै हाल यातायात अवरुद्ध भई आवत जावत समेत बन्द रहेको अवस्था छ । वैकल्पिक मार्ग निर्माण गरी यातायात सुचारु गर्ने प्रयत्न पनि भरपर्दो र प्रभावकारी हुन सकेको छैन । दैनिक अध्ययनको लागि विद्यालय जाने-आउने विद्यार्थीहरु

समेते जोखिमपूर्ण यात्रा गर्न वाध्य छन् । यसर्थ, यस मार्गको जाखिमपूर्ण अवस्थाको अन्त्य गर्न तत्काल डि.पि.आर गरी खास ट्याकबाट मोटरेवल पुल तयार गर्न सभामुख मार्फत सम्बन्धित मन्त्रालयलाई हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य राजिव पहारी, कास्की ।

**माननीय राजिव पहारी**

माननीय यसभामुख महोदय, कोरोनाको संक्रमण दर क्रमशः वृद्धि हुँदै गएको छ । यसको रोकथाम, नियन्त्रण र उपचारको निम्ति स्वास्थ्य मापदण्डलाई कडाईका साथ कार्यान्वयन गर्नुपर्ने अवस्था देखिएको छ । यदि बेलैमा यो विषयमा गण्डकी प्रदेश सरकारले, सम्बन्धित मन्त्रालयले ध्यान दिएर आवश्यक कदम चालिएन भने फेरी भोली परिस्थिति भयावह हुनसक्ने स्थिति तर्फ पनि नजाला भन्न सकिदैन । तसर्थ, गण्डकी प्रदेश सरकारले कोभिड परीक्षण सहज, व्यापक र सर्भशुलभ गराउनको निम्ति के कस्तो पूर्व तयारी गरिरहेको छ? सरकारको के योनजा छ ? र यो विषयमा समयमै सरकारको गम्भीर ध्यानाकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य विष्णुप्रसाद लामिछाने, नवलपरासी ।

**माननीय विष्णुप्रसाद लामिछाने**

माननीय सभामुख महोदय, नवलपुर जिल्लाको मध्यविन्दु जिल्ला अस्पतालमा केही समय अगाडि सम्म पि.सि.आर टेष्ट हुँदै आएकोमा हाल आएर सो कार्य बन्द भएको छ। के कति कारणले सो कार्य बन्द भएको हो ? जनताको जीवनसँग प्रत्यक्ष प्रभाव पार्ने कार्य भएको हुँदा उक्त कार्यलाई पुनः तत्काल सुरु गर्न माननीय सभामुख मार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउँदछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्न अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री मायानाथ अधिकारी, समय ८ मिनेट ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुख महोदय, प्रदेश सरकार निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम, नीति कार्यक्रम र बजेटमा ल्याउँदैन, तर पछि अर्थमन्त्रीज्यू सामेल हुन्छ भन्नुहुन्छ । ट्रष्टमा करोडौं रुपैयाँ राखेर बजेट आउँछ, मुख्यमन्त्रीज्यू यो रकम कार्यान्वयन हुँदैन भन्नु हुन्छ । करको दर वृद्धि गरेर जनताको ढाड सेकिन्छ, प्रमुख प्रतिपक्ष र जनताले विरोध र असन्तुष्टी व्यक्त गर्दछन्, दवाव दिन्छन्, यो सरकारले कस्तो काम गर्दैछ ? सभामुख महोदय । यसमा दोष कस्को हो ? अरुलाई दोष थुपारेर आफू दूधले नुहाएर चोखिने प्रयास गरेको छ, यो कुरा प्रष्ट पार्न म अनुरोध गर्दछु ।

प्रदेश सभाले प्रदेश सरकारलाई आवश्यक पर्ने कानुन निर्माण गरिरहेको छ । यसै क्रममा प्रदेश सभाले कर्मचारीको व्यवस्थापनको लागि लोकसेवा आयोग सम्बनधी पनि बनाइसकेको छ । अब प्रदेश सभालाई आवश्यक पर्ने कर्मचारीको नियुक्ति, पदस्थापना गर्नुपर्छ, तर त्यसो गरिएको छैन। त्यसो नगरीकन प्रदेश सरकार, सरकार स्थापनाको बेलामा करारमा राखिएका कर्मचारीलाई हटाएर, फेरी करारमा नै कर्मचारी राख्ने काम गरिराखेको छ, यो एकदम दुःखदायी कुरो छ। यो ढंगले काम गर्नु उचित होइन । लोकसेवा मार्फत नै कर्मचारी भर्ना र नियुक्तिको व्यवस्था गर्नु पर्छ म यसप्रति सभामुख मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । नीति विधिमा रहेर काम गर्नको निम्ति एउटा संस्थागत व्यवस्थापन गर्नको निम्ति म ध्यानाकर्षण गराउन चाहछु । विगतमा कोरोनाको महामारीले देशको अर्थतन्त्रलाई ठूलो क्षति पुर्यायो । कैयनको संख्यामा मानवीय क्षति पनि हुन पुग्यो, त्यो क्षतिको कारण अझै देश तंग्रिरहेको छैन, फेरी पनि कोरोना माहामारी फैलिदै गएको देखिन्छ यस तर्फ सतर्कताका साथ अपनाएको पाइँदैन। अहिले भर्खरै हामीले सुन्यौ गण्डकी प्रदेशको वाग्लुङ जिल्लामा एकदैदिनमा

२४-२५ जना भन्दा कोरोना संक्रमण भएर त्यहाँका कार्यक्रमहरु सार्वजनिक कार्यक्रम स्थगित भएको पनि हामीले जानकारी पाएका छौं । यस सन्दर्भमा प्रदेश सरकार के गर्दैछ ? यसमा हामीलाई कुनै जानकारी छैन । म सभामुख मार्फत गण्डकी प्रदेश सरकारको स्वास्थ्य जनसंख्या मन्त्रालयलाई वा स्वास्थ्य मन्त्रीज्यूलाई भन्न चाहन्छु । कोरोना महामारीको नियन्त्रण, रोकथाम, उपचारको लागि त्यसको पूर्व तयारी गर्नका निम्ति के के योजना बनाउनु भएको छ ? के कार्यक्रम बनाउनु भएको छ ? त्यो प्रदेश सभालाई स्पष्ट पार्न आवश्यक छ । म प्रदेश सभालाइ प्रष्ट पार्न माग गर्दछु ।

माननीय सभामुखज्यू, अहिले जे यी सन्दर्भहरु उठेका छन्, यस सन्दर्भ प्रति गम्भीरता नहुँदा गम्भीरपूर्वक नलाग्दाखेरी फेरी पनि हामीले ठूलो क्षेति व्यहोर्नुपर्छ । हिजो हामीले कोरोनालाई धेरै महत्व दिएनौ, ठूलो क्षेत्र व्यहोरियौं, यसको निम्त फेरी पनि हामीलये यो अवस्था देखिराखेका छौं, यसको निम्ति सबै सम्बन्धित पक्षर गम्भार भएर लाग्न, होसियारी अपनाउन र महामारीसँग जुध्नको निम्ति अनुरोध गर्दछु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री ओमकला गौतम, समय ८ मिनेट ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, सरकारको काम भनेको जनताको आवाज सुन्ने, जनचाहना अनुरुप कार्य गर्ने, आवश्यकता पहिचान गरी कार्यान्वयन गर्ने, जनतालाई राहत दिने, आहात दिने होइन, जनतालाई दुःखेकोमा मलमपट्टी लगाउने हो नुनचुक छर्ने होइन। सभामुख महोदय, कोरोनाबाट पीडित जनता यतिबेला महंगीको समेत चपेटामा परेका छन्। दिनप्रति दिन महंगी बढेर जनताको दैनिक चुलो बल्न समस्या परेको छ र दैनिक चुलो चल्न धौ धौ परेको यस्तो अवस्थामा सरकारले गरेका हरेक निर्णय लिंदा सोचेर, बुझेर अनुसन्धान गरेर जनहितमा निर्णय लिनु पर्दछ, न कि हतारमा निर्णय लिने र फुर्सदमा पछुताउने गर्नु हुँदैन । सभामुख महोदय, केही दिनदेखि सामाजिक सञ्जालमा आएका करवृद्धि यातायात सम्बन्धी २०० प्रतिशत सम्म क वृद्धि भएको विद्धरुद्धमा

सडक समाजिक सञ्जाल र सदनमो समेत व्यापक विरोध भयो । अन्तत, सरकारले यसलाई मन्त्रीपरिष्द्को निर्णायबाट सुधार गरेको छ, सच्याएको छ, यसको म सम्मान गर्न चाहन्छु सरकारलाई धन्यवाद माननीय सभामुख मार्फत धन्यवाद दिन चाहन्छु ।

सभामुख महोदय, सरकार भनेकै जनताको आवाज सुन्ने हो । सुख दुःखमा साथ दिने र विकास निर्माणमा आवश्यकता अनुरुप समुन्यायिक गर्ने हो । महंगी नियन्त्रण नगरेर कर वृद्धि मात्र गर्ने, राहत नदिने, आहद दिने काम गर्ने जनताको सरकार हुन सक्दैन, सभामुख महोदय । करको आवश्यकता अनुसार दायरा बढाउने हो, दरमा वृद्धि गर्दा सोचेर मात्र गर्नुपर्छ ।

माननीय सभामुख महोदय, जग्गाको नामसारी, जग्गा रजिष्टेशन, नामसारी, अंशवण्डामा समेत वृद्धि भएको राजश्वको वृद्धिको लागि म माननीय सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । जनताको आवाज सुन्नु, जनचाहना अनुरुप कार्यान्वयन गर्नु, जिम्मेवार सरकार हो म यसलाई स्वागत गर्न सम्म्मन गर्न चाहन्छु र यसलाई म धन्यवाद समेत दिन चाहन्छु र यसलाई धन्यवाद समेत दिन चाहन्छु ।

सभामुख महोदयज्यू, वर्षा सँगसँग बाढीपहिरो, डुबान जनताले वर्षेनि खेप्दै आएका छन्, मेरो जिल्लामा नवलपरासी मा नारायण नदी, वौलाहाखोला, झरी खोला, लोका खोला, गिरीवारी खोला, अरुण खोला जस्ता बाढी आई डुवान कटान वस्तीमा समेत डुवान पसी जनजीवन प्रभावित पारेको छ । यस पटकको बजेटमा अति न्यून भएको छ । बजेटबाट यसलाई सबै संवोधन गर्न सकिदैन, अत्यन्त न्यून छ, कुलो समेत नियन्त्रण हुन नसक्ने बजेटले कसरी तेत्रा नदी नियन्त्रण गर्न सक्ला माननीय सभामुख महोदय ? नवलपुरका पहाडी र तरीइका विभिन्न स्थानमा बाढीपहिरो नियन्त्रण गर्ने व्यवस्था मिलाउन म सरकारलाई समयमै ध्यानाकर्षण गराउन चाहन्छु । माननीय सभामुख महोदय।

माननीय सभामुख महोदय, सरकारका हरेक गतिविधिले गर्दा संघीयता विरोधीहरु सलवलाउन थालेका छन् । सभा सदनमा उठ्न थालेको छ । म र मेरो दलको

संगठनमा बनेको यो गठवन्धनको सरकारलाई म सभामुख मार्फत जनहितमा कार्य गर्न मन्त्री र मन्त्रालय बिचको समन्वय कायम गर्न म अनुरोध गराउन चाहन्छु, ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, वर्षा सँगसँगै चाडपर्वहरु समेत नजिकिर्द छन् । नवलपुर कान्छी जिल्ला प्रदेशको राजधानीबाट भूगोलले समेत पछि पारेको आफ्नै प्रदेश राजधानी पोखरामा आउने सडक आउने सडक सञ्जाल समेत नबनिसकेको अवस्थामा विनय त्रिवेणीदेखि पोखरा आउँदा र जाँदा दुम्कीवास नारायणघाट सडक खण्डमा ठूला ठूला खाडल परेको, वर्षाको पानी खाडल नदेखिने र मोटरसाइकल, कार र अन्य सवारीसाधनहरु दुर्घटनामा पर्ने अवस्था सिर्जना भएको छ। यस्तै मुग्लिन पोखरा सडक खण्डको अवस्था नाजुक छ । सडक निर्माण हुँदै गरेका अवस्थामा डोजरले पहाड फोर्ने काम गरेको तर सडकमा परेका खाल्टा पुर्ने र मर्मत गर्ने कार्य नगरेकोले दैनिक आवत जावत गर्ने यात्रुले कष्टकर भएको वाध्य भएको छ । अविलम्व सडक मर्मत गरी जनताको कष्टकर यात्रालाई सहज गराइदिन सभामुख मार्फत सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, अहिले फेरी वर्तमान अवस्थामा कोभिडले थला परेको अर्थतन्त्र, कोभिडले प्रभाव पारेको जनजीवनले केही राहत पाइन्छ कि भन्ने बेलामा फेरी कोभिडा महामारी दिन प्रतिदिन बढ्दै गएको छ । माननीय सभामुख मार्फत मैले के सरकारलाई सचते गराउन चाहन्छु भने यो सरकार के तयारीमा छ ? सरकार तयारी अवस्थामा बसोस्। मध्यविन्दु जिल्ला हस्पिटलले जसले पोखरामा टेष्ट गर्न पठाउँदा ५ दिनसमम रिपोर्ट नगएर मान्छे मरिसक्दा समेत रिपोर्ट नजाने अवस्थामा पिसिअउर मेशिन संचालनमा थियो त्यो अहिले के कति कारण बन्द भयो ? किन त्यसलाई बन्द गरियो र पि.सि.आर मेशिन संचालन गरी त्यहाँका जनताले पि.सि.आर गर्न आफ्नै जिल्ला पाउनु र पिसिआर संचालन गर्ने वातावरण सहज होस् भन्ने माननीय सभामुख मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद । जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरिबहादुर चुमान, लाई समय

**माननीय हरिबहादुर चुमान**

माननीय सभामुखज्यू, राष्ट्रिय महत्वका विषयमा र प्रदेशसँग सम्बन्धित केही समसामयिक विषयमा म आफ्नो धारणा राख्न चाहन्छु । नागरिकता विधेयकमा अत्यावश्यक महत्वपूर्ण र विषयवस्तुहरु समेटिएका छन् । यसको हाम्रो दलको तर्फबाट समर्थन गर्दछु र नेपाल सरकार र प्रतिनिधिसमालाई धन्यवाद ज्ञापन गर्दछु । तर वैवाहिक अगिंकृत नागरिकताको विषयमा एउटा निश्चित अवधि र प्रकृया स्पष्ट तोकिनु पर्दथ्यो । उक्त विधेयलाई यसै अधिवेशनबाट पारित गर्ने गरी केही विषयमा सहमिति गरेर यसै अधिवेशनबाट पारित गर्ने गरी केही दिन रोकेर सहमतिमा पुगेको थियो त्यो जुन प्रतिनिधि सभा राज्य व्यवस्था समितिमा करिव सहमतिको नजिक पनि पुगेको थियो । त्यो पनि नभए सहमतिमा निश्चित अवधि तोकेर पारित गर्नुपर्थ्यो र प्रतिनिधि सभामा त्यस्तो हुन सकेन । राष्टिय सभामा यो समस्या समाधान गर्न राष्ट्रिय सभामा हाम्रो पार्टीको तर्फबाट पहल थालिएको छ, सभामुख मार्फत राष्ट्रिय सभाको ध्यानाकर्षण गराउन चाहन्छु ।

म यसको पृष्ठभूमिमा पनि जान चाहन्छु । नागरिकता विधेयक ०७५ सालमै प्रतिनिधि सभामा पेश भएको थियो, राज्य व्यवस्था सभामा गहन छलफलसहित प्रतिवेदन सदनमा पेश पनि भएको थियो, त्यसलाई त्यतिकै रोकेर तत्कालिन प्र.अ. के.पी. ओलीको ठाडो अर्को विधेयक अध्यादेश मार्फत पेश गरियो, जसमा वैवाहिक अंगिकृत नागरिकताको लागि कुने निश्चित अवधि नतोकी ल्याइएको जगजाहेर नै छ । अदालतले संसदमा विचाराधिन विचारमा अध्यादेश मार्फत अको विधेयक ल्याउन पाइन्न भनेर खारेज गरिदिएको पनि सर्वविदितैछ । अहिलेको सरकारले पनि ओली सरकारले अध्यादेश मार्फत ल्याएको विधेयक नै हुवहु पेशगर्यो, सदनमा संसोधन पनि पेश गरियो छलफल भएन, हतार हतारमा पारित हुने काम गरियो किन ? पूर्व निश्चित नै थियो प्रतिपक्ष एमालेले मौन सहमति जनाउनेवाला नै थियो त्यही भएर । अनि दोष माओवादी केन्द्रलाई ? एमसिसीमा पनि त्यही भएको थियो । सार्वजनिक नै छ एमसिसीपास गर्न नदिने भए भनेर नै नेकपा फुटाउने काम भएको हो ।

एमसिसी जस्ताको तस्तै पास हुनेवाला थियो, १२ बुँदे व्याख्यात्मक टिप्पणी मार्फत राष्ट्रिय स्वाधिनतामा आँच पुर्याउने गरी नेपालको संविधानमा पारित गरिएको थियो । संघीय संसदको अंकगणित पनि त्यस्तै छ, उक्त अंकगगितबाट फाइदा उठाउनुस् तर राजनैतिक फाइदा उठाउनुस्, अराजैतिक फाइदा होइन । त्यसरी नै टेट पार्टनरसीप प्रोग्रामको सन्दर्भमा पनि हाम्रो दलको तर्फबाट नै प्रतिनिधि सभामा सबभन्दा भहिला प्रश्न उठाइयो र हाम्रो पार्टीको पहलमा नै त्यो एमसिसीलाई प्रतिनिधि सभाबाटै खारेज गरिनु पर्छ भनेर पहल भयो तर नेपाल सरकारले अहिलेसम्म अमेरीकालाई जुन पत्राचार गर्नुपर्थ्यो त्यो गरिराखेको छैन, नेपाल सरकारले यसका कारण स्पष्ट गर्ने नै छ, गर्नु पर्दछ भन्ने माग गर्दछु ।

विपद व्यवस्थापनको सन्दर्भमा पनि म केही राख्न चाहन्छु । विपद व्यवस्थापनको सन्दर्भमा पनि त्यही राख्न चाहन्छु, विपद व्यवस्थापनको सन्दर्भमा थुप्रै घरहरु क्षति भए र अहिले पनि यो वर्षाको मौसम छ र थुप्रै क्षेति भएका समाचारहरु आइरहेका छन्। तर प्रदेश सरकारको तर्फबाट एउटा पनि घर बनाउन सकिएन, क्षति पुगेका घरहरु निर्माण गर्न सकिएन । यसमा प्रदेश सरकारुले विपद नियमावली मार्फत १ लाख सम्म संवोधन गर्ने कुरा त गर्यो तर सधैं संघ सरकारले एउटा नियमावली बनायो, जुन अनुसार ६० प्रतशत संघ सरकारले ३० प्रतिशत प्रदेश सरकार र १० प्रतिशत स्थानीय तहले व्यहोर्ने गरी त्यसको तराईमा ३ लाख, पहाडमा ४ लाख र हिमाली प्रदेशमा ५ लाखको मापदण्ड तय गर्यो तर हामीले स्थानीय तहसँग छलफल गर्यौं र उहाँहरुले हामी १० प्रतिशत पूरा गर्न सक्दैनौं भनेर स्थानीय तहले भन्यौ र प्रदेश सरकारले पनि ३० प्रतिशत भुक्तानी दिन नसक्ने अवस्था हामीले देख्यौं । त्यसकारण यो नियम विपद व्यवस्थापन प्राधिकरणले यो मापदाण्ड परिवर्तन गर्नु पर्छ र अर्को कुरा प्रदेश सरकारले जुन राहतको निर्णय गरेको छ, आफ्नो प्रदेशको विपद व्यवस्थापन नियमावलीमा त्यो थप सहयोग हो तर संघसरकारले के बुझिराखेको छ भन्दाखेरी यो दोहोरो पर्नु हुँदैन यो दोहोरो नपर्ने गरी भुक्तानी गर्नुपर्छ भनेर प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन गरिराखेको छ । त्यसकारणले यो दोहोरो पर्ने गरी काम गरिराखेको छ स्थानीय सरकारहरुले ।

यसरी हामीले स्पष्टसाथ, प्रदेश सरकारले स्पष्टसाथ भन्नुपर्छ संघ सरकारको जुन मापदण्ड छ, जुन नीति छ, त्यसले नपुगेर प्रदेश सरकारले यसलाई थप राह व्यवस्था गरिएको हो । त्यसकारण यो थप हो त्यसमा गरिनु पर्छ । यस सन्दर्भमा मृतकहरुले सम्म त पाएका छन्, तर अस्थायी टहराहरु लगायत अन्य राहतहरु मर्कामा परेका अर्थात् विपदमा परेकाहरुले पाइनरहेको कुरा पनि म यहाँ राख्न चाहन्छु र बारेमा प्रमुख जिल्ला अधिकारीहरुलाई भेला गराएर हाम्रो नियमावलीको बारेमा स्पष्ट पारेर प्रदेश सरकारले गरोस् भन्ने कुरा म सभामुख मार्फत अनुरोध गर्न चाहन्छु।

त्यसैगरी नै अब यो बजेट पारित भइसकेको छ, अब कार्यान्वयनको पहल थालिहाल्नु पर्छ। तर यहाँ प्रश्नहरु उठे, कार्यान्वयनको पहल अझै सुरु भइसकेको छैन र अर्को कुरा के देखियो भने, यो गएको चालु वर्षमा जति पनि योजनाहरु कार्यान्वयन भए ती योजनाहरुले भुक्तानि पाउन सकिराखेको छैन । यसको कारण प्राविधिक जनशक्तिको नै अभाव भन्ने सुनेको छु । यो ३ प्रतिशत पनि छुट्याइएको तर समाधान जस्ताको तस्तै, उपभोक्ताहरुले भुक्तानि पाउन सकिएको छैन । त्यसकारण यसको समस्या जस्ताका तस्तै छ। उपभोक्ताहरुले भुक्तानी पाउन सकिराखेका छैनन् । त्यसकारण यसको समस्या भाद्र महिनासम्म सबै समस्याहरु निर्माण गर्नको निम्ति म प्रदेश सरकारलाई हार्दिक धन्यवाद भन्दै आफ्नो भनाई टुंग्याउँछु।

**माननीय सभामुख**

माननीय सदस्य श्री मिना गुरुङलाई समय दिन्छु, समय ८ मिनेट । त्यसपछि माननीय सदस्य श्री मनकुमारी गुरुङ् ।

**माननीय मिना गुरुङ**

माननीय सभामुखज्यू, भर्खरै हाम्रा माननीयज्यूहरुले पनि अब यो चर्किन लागेको कोभिडको कुरा राखिसक्नुभएको छ । मेरो पनि त्यो सन्दर्भमा हामीले पनि यो फेरि बल्झिएको यो कोभिड सम्बन्धी रोगलाई नियन्त्रण गर्नको लागि यो महामारीलाई नियन्त्रण गर्नको लागि हाम्रो गण्डकी प्रदेश सरकारको एकदमै ध्यान पुगोस् भन्दै मेरो पनि यो सन्दर्भ

रहेको छ। भन्दै अब विपन्न नागरिक स्वास्थ्य सुविधा अन्तर्गत संघ सरकारले व्यवस्था गरेको ८ वटा जुन ठूला रोगहरु छन् । जसलाई स्थानीय सरकारको सिफारिसको आधारमा छुटको व्यवस्था पनि गरेको छ। त्यसमा क्यान्सरको पनि पर्छ र १ लाखको व्यवस्था सरकारले छुट्याएको पनि छ ।

माननीय सभामुखज्यू, मेरो चासोको विषय के हो भने क्यान्सर जस्तो धन र ज्यान दुवै लैजाने यदि त्यो रोग निको भएन भने यसले धन पनि लान्छ, ज्यान पनि लान्छ । यस्तो रोगलाई रोकथाम गर्ने तर्फ पनि सरकारको रोगै लाग्न नदिने एउटा अभियान वा त्यस्तो खालको सचेतनामा सरकारको ध्यन किन पुगिराकेको छैन ? भन्ने मेरो चासोको विषय छ। रोग लाग्नु भन्दा रोग लाग्न नदिनु ठूलो कुरा होला नि ! तसर्थ, सरकारले संमृद्ध प्रदेश र सुखी नागरिक बनाउने हो भने स्वास्थ्यको क्षेत्रमा महत्वपूर्ण काम सक्नुपर्छ । जबसम्म मानिसहरु शारीरिक र मानसिक रुपमा स्वस्थ हुँदैन, उसको घरपरिवार अनि समुदायले सोचेजस्तो सफलता प्राप्त गर्न सक्दैन यो त सबैले बुझेकै कुरा हो ।

माननीय सभामुखज्यू विकासको हरेक उद्देश्य प्राप्ति गर्न स्वस्थ नागरिकको नै आवश्यकता पर्दछ । त्यसैले स्वास्थ्यको क्षेत्रमा सरकारको पूर्ण इमान्दारी पूर्ण लगानी र कार्यान्वयन अपरिहार्य छ । हाम्रो जस्तो असंख्य वर्ग श्रमजीविले भरिएको देश जहाँ शारीरिक जीवन धान्नु पर्छ र केन्द्र सरकारले यस्तैलाई मध्य नजर गरेर होला जुन ८ वटा ठूला रोगहरुमा सुविधा दिने गर्यो । तर क्यान्सरको जुन पीडित छ, यसमा हाम्रो चासोको विषय के छ भने ? यो पाठेघरको मुखमा लाग्ने क्यान्सरलाई यो क्यान्सरको दिने १ लाख सुविधा सँगसँगै यो पाठेघरको मुखमा लाग्ने क्यान्सरलाई निःशुल्क सेवा प्रदान गर्नुपर्छ वा निःशुल्क उपचार हुनुपर्छ भन्ने अहिले धेरै हाम्रा महिला वा रोगीहरुको वा भनौं सम्पूर्ण विपन्न वर्गको यो एउटा माग रहेको छ । त्यसैले आज म गण्डकी प्रदेश सरकार र हाम्रो स्वास्थ्य मन्त्रालयलाई विशेष आग्रह गर्न चाहन्छु । यो क्यान्सरमा पनि मुखमा लाग्ने जुन पाठेघरको क्यान्सरलाई निःशुल्क उपचार गरियोस् भन्ने हाम्रो माग रहेको छ ।

अन्तमा, अहिले यो जुन हाम्रो यो नागरिकता विधेयकको सन्दर्भमा पनि मेरो अलिकति ध्यान पुगेको छ र मेरो चासो छ । यसमा विशेष अहिले समानताको हक, लैंगिक समानता जस्तो विषयलाई हामीले संविधानमा व्याख्या गरिराखेका छौं, तर त्यसलाई ध्यानै नदिईकन, अहिले हामीले देखेका छौं कि हाम्रो स्थानीय सरकार पनि चुनाव सकियो त्यो चुनावमा पनि हाम्रो गठबन्धनको सरकारले त्यो ३३ प्रतिशत महिला भनेर व्यवस्था गरिएको जो त्यो संविधानको अनादर गरिकन त्यस महिला कसैलाई पनि जनप्रतिनिधिको हिसावमा नउठाएको कुरा त जगजाहेरै छ । अहिले यो अंगिकृत नागरिकको सवालमा अहिले हामी जेनेरलटीको हिसावमा कुरा गरिरहेका छौं, यो गोलमटोल ढंगले, हिजोको सरकार वा भोलिको सरकारको सन्दर्भ होइन माननीय सभामुखज्यू ।

यसलाई यतिबेला आम नेपाली महिला वा एउटा नागरिक समान हकको कुरा आउँछ, यसमा एउटा नेपाली नागरिकले विदेशी नागरिकसँग विवाह गरेपश्चात् पाउनु पर्ने अंगिकृत नागरिकताको सन्दर्भमा धेरै गहन छलफल गरेर यसलाई धेरै वहसमा यसलाई गौण तरिकाले यसलाई भित्री रुपमा धेरै महत्वपूर्ण ढंगले यसलाई केलाएर मात्र यसलाई हामीले अगाडि बढाउनु पर्ने हो तर यहाँ त अहिले विविध कारणले गठवन्धनको सरकारले यसलाई जुन किसिमको प्रतिनिधिसभाबाट अगाडि बढाएको छ। यस प्रति हामी सम्पूर्णआम नेपालीको तर्फबाट आमा दिदीबहिनीहरुलाई यो पनि एउटा विभैदकारी भएको छ यसको देख प्रकट गर्दछु । वृहत छलफलद्वारा मात्र अगाडि बढाइनु पर्छ भन्ने हाम्रो माग छ । यति भन्दै म विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मनकुमारी गुरुङ, समय ७ मिनेट ।त्यस पछि माननीय सदस्य श्री बनोद के.सी.

**माननीय मनकुमारी गुरुङ**

माननीय सभामुख महोदय, करिव ढेड महिना अगाडिको भारी वर्षाले गोरखाको पालुङटारको सयौं विघा जग्गामा लगाइएको बालिनाली र अन्य ठाउँमा पनि सयौं

विघमा बालीनालीको क्षति पुर्याएको छ । अहिलेसम्म पनि कृषकहरुले यसको क्षतिपूर्ति पाएको छैन, यो कसले हेर्ने हो ? कसले अनुगमन गर्ने हो ? र कसले क्षतिपूर्ति दिने हो ? स्थानीय सरकारले दिने हो कि ? प्रदेश सरकारले दिने हो कि ? केन्द्रीय सरकारले दिने हो ? वा अरु कुनै निकायले दिने हो ? यसको लागि प्रदेश सरकारले आवश्यक कदम चाली, अनुगमन गरी छिटो भन्दा छिटो कृषकहरुलाई राहत दिलाई दिनु हुन गण्डकी प्रदेश सरकारलाई सभामुख मार्फत धयानाकर्षण गराउँछु ।

माननीय सभामुख महोदय, वर्षाकै कारण गोरखा जिल्लाको दुर्गम क्षेत्रमा तथा ग्रामीण सडकहरु कतै पहिरो जाने, कतै पानीले बढी खोतलेर धेरै खाल्टाखुल्टी बनाइदिने, कतै भासिने, कतै पहिरो जाने हुँदा यो क्रम अझै बढ्दो मात्रामा भएको हुँदा, जनताको दैनिक जनजीवनमा प्रत्यक्ष असर परेको छ र आवत जावतमा कठिनाई परेको छ, । दैनिक उपभोग्य आयात निर्यातमा कठिनाई भएको साथै विरामीहरु समयमा अस्पताल पुर्याउन गाह्रो भएको छ । दुर्गमा क्षेत्रमा मल बीउ पुर्याउन गाह्रो भएको छ, समयमा खाद्यान्न पुर्याउन कठिनाई परेको छ, यी यावत कठिनाईहरुका कारण जनताको जनजविन समस्याग्रस्त र जटिल बन्दै गएको छ । त्यसैले, सभामुख महोदय, यस्ता सडकहरु सुचारु गर्नको लागि र टालटुल गर्नका लागि केही त्यस्ता अन्य कृषकमा बाँकी रहेका रकमहरु सडक मर्मतमा खर्च गरियोस् भनि  अनुरोध गर्दै जोडदार माग राख्दछु ।

माननीय सभामुख महोदय, गोरखा जिल्ला २०७२ सालको भूकम्प प्रभावित जिल्लाभित्र परेको र केनद्रविन्दु नै गोरखामा परेको हुँदा साथै भूगर्भविद्हरुको अनुसन्धान अनुसार पनि लाप्राक लगायत अन्य ठाउँहरुमा मानववस्तीको लागि जोखिम भहेको प्रमाणितच गरेको हुँदा त्यस्ता वस्तीरुलाइए सुरक्षित ठाउँमा स्थानान्तरण गर्ने कार्य भएको छैन र यो कार्यमा गण्डकी प्रदेश सरकार दत्तचित्त भएर लाग्नको लागि अनुरोध गर्दै सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, महंगी बढेर आकाश पुगिसक्यो, जनताको ढाड सेकेर जनता उभिन नसक्ने भइसकेको  छ । गरीव जताका चुलोमा आगो बाल्न गाह्रो भइरहेको छ,

यस्तो आपतविपद  पर्दा किन सरकार मौन छ ? कहाँ गयो सरकार ? सरकारले के हेरेर बसिरहेको छ ? यसलाई व्यवस्थापन गर्न गण्डकी प्रदेशको सरकारले आवश्यक कदम चालियोस् भन्दै सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, मैले पनि समर्थन गरेको सरकारले हिजै मात्र गण्डकी प्रदेश मन्त्रीपरिषद् स्तरीय  बैठक बसी सवारीसाधन जरिवाना कर घटाइएको छ, सच्याइएको छ र सरकारलाई धन्यवाद दिन चाहन्छु र खुशी व्यक्त गर्दछु । तर मालपोत कर जुन आफ्नो बुवाको सम्पत्ति अथवा एकाघरको पैत्रिक सम्पत्तिमा नामसारी गर्न पनि जनतालाई ढाड सेकिने कर छ, त्यो कर र अन्य कर घटाउन पनि सभामुख मार्फत गण्डकी प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, कोभिडको संक्रमण फेरी दिन प्रतिदिन बढ्दै गइरहेको छ। यसको रोकथामको लागि सरकारको तयारी के कस्तो अवस्था छ ? यस तर्फ पनि गण्डकी प्रदेश सरकार संवेदनशील बन्न आग्रह गर्दछु ।

माननीय  सभामुख महोदय, स्वस्थ पानी पिउने र स्वस्थ जीवन जिउन पाउनु जनताको नैसर्गिक अधिकार हो । वर्षातको भेलले खानेपानीको मुहानमा प्रदूरषण हुनु र कोलिफम जस्तो किटाणु खानेपानीमा मिसिनु नौलो कुरा भएन, यस तर्फ सरकार सचेत रहन र आवश्यक खानेपानीको शुद्धीकरण कार्यक्रम संचालन गर्नको लागि पनि सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

माननीय सभामुख महोदय, पूर्व पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा समिति बसेको भन्ने बजारमा हल्ला छ, हावा नचलि पात हल्लिन्न, यदि यो कुरा साँचो हो भने यो गल्ती नगर्न सभामुख मार्फत  सचेत गराउन आग्रह गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी., समय ५ मिनेट ।

**माननीय विनोद के.सी.**

सभामुख महोदय, विशेषगरी, यो बाढीपहिरो सम्बन्धी यहाँ माननीज्यूहरुको धेरै आयो। यो अहिले बाढीपहिरो सम्बन्धी धेरै जिल्लाहरुमा धेरै धनजनको क्षतिका रिपोर्टहरु आइसकेका छन् । विशेषगरी गण्डकी प्रदेशको ११ जिल्ला मध्येमा म्याग्दी पनि यो प्राकृतिक प्रकोप ठूलो जोखिम रहने जिल्लाभित्र पर्दछ । मलाई हेर्यो भने रेकर्डमा ठूलो क्षति घरहरे बस्ती म्याग्दी जिल्लामा नै देखिदै आएको छ। सरकारले त्यहाँ त्यस्ता कुनै कार्यक्रमहरु ल्याउनुपर्थ्यो भने नीति तथा कार्यक्रममा पनि जोडदार माग गर्दै आइरहेको थिएँ ।

त्यति मात्र नभएर हिजो संघीय व्यवस्था नहुदा हिजो त्यही जिल्लामा रहेको भूसंरक्षण कार्यालयहरु थिए । तिनले आफ्नो सक्दो बजेटमा तत्कालमा गएर त्यहाँ जाली लगाउने, नाली खन्ने अथाव जनतालाई सुचित गराउने कार्यहर गर्थे, तर अहिले यो संघीय व्यवस्था आइसकेपछि यो प्रदेशको मातहतमा यो कार्यालय आइसकेपछि म्याग्दी जिल्लामा भएको उक्त कार्यालय पनि अहिले अर्को जिल्लाबाट सेवा दिने क्रममा म्याग्दी जिल्लामा यो भूसंरक्षण कार्यालय नहुँदा धेरै जनताहरु अप्ठ्यारोमा परेको र तत्काल त्यहाँ भूसंरक्षण कार्यालय स्थापना गरी त्यसमा यथेष्ट बजेट दिई म्याग्दीमा भूसंरक्षण कार्यालय स्थापना गर्नुपर्नेमा म गण्डकी प्रदेश सरकारलाई जोडदार माग गर्दछु । त्यसैगरी यो गण्डकी प्रदेश सरकारले पहिलो वर्ष जो १ निर्वाचन क्षेत्र १ सडक जुन कार्यक्रम ल्याएको थियो, त्यो कार्यक्रम अहिले मेरो निर्वाचन क्षेत्र म्याग्दी (क) को गलेश्वर पिप्ले भगवती, वेदखोला सडक थियो । यो ८ कि.मि. मा अहिले हाम्रो सरकारले काम गरेको छैन झन् त्यो ५ किलोमिटर मात्र सडक काम हुँदैछ ।

त्यो सडकमा अहिले काम गर्ने कुरामा कुनै गति देखिएको छैन । निर्माण व्यवसायी आफै ठूलो नेताजस्तो बन्ने, ठूलो जनप्रतिनिधि जस्तो बन्ने, कार्यालयले उसैको पक्ष लिने, मन्त्रालयले अथवा मन्त्रीले, सचिवले पनि त्यसलाई नियन्त्रण गर्न नसक्ने अवस्था जस्तो छ कि सकिन्न भने मैले सकिन भनेर हात झिक्न पर्यो होइन भने बारम्वार त्यसलाई म्याद थप्दै त्यो निर्माण व्यवसायीलाई प्रत्साहन गर्ने हो भने यसले सरकारका कामप्रति

प्रश्नचिन्ह खडा गर्ने भएकाले तत्काल ती काम सुचारु गर्नको लागि म यो प्रदेश सरकारसँग म जोडदार माग गर्न चाहन्छु ।

अर्को यो पछिल्लो समय यो महंगीको जुन स्थिति छ, यो स्थिति वास्तवमा नेपालमा पनि भयावह स्थितिमा आएको अवस्थामा छ । या राष्टिय होइन अन्तर्राष्टिय स्तरमा पनि महंगी स्थिति छ तथापि हाम्रो प्रदेशमा भएको महंगी वृद्धिमा त्यही विचौलिया र यस्ता तत्वहरुलाई यो महंगी वृद्धिलाई उपपयोग गर्दै यहाँ त्यो मिटरवालाहरु व्याज लगाउने अथवा बैंकको नाउँमा महंगो महंगो व्याज अशुल गर्ने, विभिन्न वहानमा महंगीलाइ अझ वढावा दिने गतिविधि अहिले बजारमा छरपष्ट देखिरहेको छ ।

म सरकारलाई यो निवेदन गर्न चाहन्छु कि महंगी नियनत्रण गर्ने कुरामा त्यसमा हामीले अनुगमन गर्ने, नियन्त्रण गर्ने विभिन्न उपायहरु छन्, त्यसमा प्रदेश सरकारले एउटा खालको ठोस कार्यक्रम बनाएर यो महंगी वृद्धिलाई नियन्त्रण गर्न सक्ने आफ्नो ठाउँबाट कति गर्न सकिन्छ ? ती कुरामा यथेष्ट ध्यान गराउँदै म सरकारलाई सचेत गराउँछु, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ चौथो संसोधन मस्यौदा समितिका सभाभति माननीय श्री ओमकला गौतमलाई सो समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेश सभाको चौथो संसोधन नियमावली ०७९ को मस्यौदामाथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल चैत्र २५ गते बसेको वैठकमा प्रस्तुत भएको गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ चौथो संसोधन मस्यौदा समितिको प्रतिवेदनसहितको नियमावलीको

मस्यौदा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम २१ को उपनियम २ को खण्ड (क) बमोजिम छलफल गरियोस् भनी सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उक्त नियमावलीको मस्यौदा माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्ष हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यस प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन, तसर्थ उक्त नियमावलीको मस्यौदामाथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषण गर्दछु। माननीय सदस्यहरु, अब उक्त समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेश, प्रदेश सभा चौथो संसोधन निमायवली २०७९ को मस्यौदा माथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी नियमावलीका नियमहरु तथा आनुसांगिक अन्य नियमहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउँछु । उक्त छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुलाई १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु हुन अनुमति दिन्छु । सर्वप्रथम सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री सरिता गुरुङ ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, एउटा उखान गरेको सुन्थें मैले । गोयवल शैली भन्ने हुन्छ रे त्यो, त्यो गोयवल शैली भन्ने हुन्छ सत्य एउटा हुन्छ, ९९ प्रतिशत झुटो हो कि झुटो हो भनेपछि त्यो झुटो हुन्छ अहिले त्यही भइरहेको छ अहिले समाजमा । प्रतिपक्षले राम्रो कुरा ल्याउँछ अनि गठवन्धनबाट त्यो सै एमाले गरेको थियो भनेर दोष जति एमालेतिर तेसारेर आफू  दूधले पखालेको मान्छे जस्तो भइराखेको छ । यो त पत्रकारले, समाजले, नागरिक समाजले छुट्याउने विषय हो हामीले त हाम्रो भनाई मात्र राख्ने हो, त्यो वहस

गर्न चाहन्न । कुनबेला कसले के गरेको थियो ? एमालेको नेतृत्व सरकार हुँदा ठिक भएको थियो कि वेठिक भएको थियो ?

अहिले गठवन्धनको सरकार हुँदा ठिक भएको छ वेठिक भएको छ ? त्यो त समाजले, पत्रकारले, नागरिक समाज सबैले मूल्यांकन गर्ने कुरा हो । चलन  सबै एमालेले नै गरेको थियो त्यही भएर गरेको हो भन्ने चलन छ । अब आफूले गरेको के हो ? आफूले गर्न खोजेको के हो ? अरुको कुरा भन्दा आफ्नो कुरा भन्दा राम्रो हुन्छ । आफूले गर्न खोजेको के हो ? आफूले गरेको के हो ? आफूले गर्न खोजेको के हो ? भन्ने त्यसरी आयो भने राम्रो हुन्थ्यो भन्ने मेरो जिज्ञासाहो । सभामुख महोदय, नियमावली संसोधन मस्यौदा समितिको म सदस्य पनि छु । यो भन्दा पहिला करिव २ पटक कि कति पटक म संयोजक भएर पनि काम गरेको थिएँ । हामीले सहमतिको आधारमा नै त्यहाँ संसाधन गरेका थियौं । एक पटक त प्रदेश नं. ४ लाई गण्डकी प्रदेश बनाउने मात्रै संसोधन गयौं अघिल्लो सुरुको पटक केही नमिलेका कुराहरुलाई हामीले संसोधन गरेका थियौं । यसपाली त कति राम्रो कुरा भयो भने उही यो गठवन्धनको कथा जस्तै भयो । अब यो समिति बनाएको करिव २ वर्ष भएछ, मैले विर्सिन पनि थालें त्यो समितिमा के के थिए भन्ने कुरा विर्सिन पनि थालें अहिले समितिमा यो यो भनेर भन्न पनि गाह्रो भयो । करिव २ वर्ष भइसकेपछि यो संसोधन बनेको अझ बढी भयो कि २ वर्ष भन्दा घटी त भएको छैन होला । हामीले त्यस्तो नियम विधानमा नलेखिएको भए पनि त्यस्तो त आउँथेन ।

त्यो नियमावली समितिमा आलोपालो गरौं भन्ने कुरा पनि ल्याउनु भयो साथीहरुले, आलोपालो गर्ने भने पनि ठिकै छ भन्ने लचकता पनि अपनायौं ।नेपाली काङ्ग्रेसको माननीयलाई यो समितिको संयोजक बनाउने भनेर मानीय मणिभद्र शर्मालाई यसको संयोजक पनि बनायौं । यो छिटो छरितो होला, अब उहाँ पाको हुनुहुन्छ, परिपक्वा हुनुहुन्छ भनेर २-३ महिनामै सकिएला कि जस्तो पनि लागेको थियो मलाई । १ वर्ष त उहाँ हुँदै बित्यो, अब परिस्थितिले उहाँ फेरी मन्त्री हुन पुग्नु भयो । यो समिति त्यसै

अलपत्रै पर्यो । पछि फेरी काँग्रेसकै भाग हो भनेर माननीय ओमकला गौतमको नेतृत्वमा यो समितिको उहाँ संयोजक हुनुभयो, हामीले सहयोग गर्यौं ।

उहाँ सभापति बन्नु भएकोमा हाम्रो सहमतिबाटै भएको हो, त्यसमा केही अपठ्रो छैन, तर यो समितिको जुन गतिका साथ काम गर्ने हो, यो विशेष समिति हो, विशेष समितिले वर्षौं लाउने जुन हामीले गर्यौं वास्तवमा यो गर्ने ठिक काम समयमा गरेनौं भन्ने अहिले आएर मलाई लागेको छ । नियमावली संसोधन समिति जस्तो कुरा एकदम ढिलाढाला गरेर फेरी त्यहाँ विवाद, लामो वहस भएर एकदम लामो छलफल भएर कुरो नमिलेर झगडा गरेको भए पनि हुन्थ्यो, त्यस्तो पनि होइन । एकदम उही समय विताउने काम मात्रै हामीले गरेको छौं कि भन्ने मलाई लाग्यो । मैले खाली एउटा स्मरण गराएको हो, यो खाली टिका टिप्पणीको विषय भन्दा पनि स्मरण गराएको हो। अर्को एउटा विषय हामीले एउटा लोगो बनायौं पहिल्यै, म संयोजक भएको बेलामा लोगो बनायौं, साथीहरुले भन्नु लोगो धेरै गुणस्तरीय आएन, धेरै आकर्षण आएन भन्नुभयो। हामीले भन्यौं सुनकै जलप लगाएपछि राम्रै हुन्छ कि भनेर हामीले सुनको जलप लगाइदिने भनेर, सुनको जलप लगायौं ।

प्रदेश सरकारले आर्थिक सहयोग गर्यो र प्रदेश सभा मार्फत हामीले त्यसलाई सुनको जलप लगाएर यहाँ लाउने काम पनि गरियो । भइराखेको थियो, ठिकै थियो, भनेको थियौं। पछि फेरी त्यो चुच्चे नक्साको कुरा आयो, अहिले त त्यो चुच्चे नक्सा हरायो, अहिले भएको भए चुच्चे नक्सा नराखे पनि हुन्थ्यो कि जस्तो लागेको थियो। त्यो बेलामा चुच्चे नक्साको कुरा आयो, चुच्चो नक्साको कुरा आएपछि नियमावली संसोधन गर्नुपर्यो, अरु विषयले आएको होइन, त्यो बेलामा चुच्चे नक्सा कहाँबाट उठेको हो भने चुच्चे नक्सा आयो, सरकारले चुच्चे नक्सा पारित गर्यो, संसदले पारित गर्यो, त्यसलाई औपचारिक दियो, वैधानिकता दियो, त्यो नियमावलीमा पनि चुच्चे नक्सा परित गर्नुपर्छ भनेर चुच्चे नक्सा संसोधनको निम्ति, त्यसलाई सामेल गर्नको निम्ति हामीले समिति बनाएका थियौं ।

अब त्यसमाथि विवाद गर्नुपर्ने विषय नै भएन गण्डकी प्रदेशमा मन्त्रालय धेरै बनाएका छन् त्यो राख्ने कि नराख्ने ? भनेर विवाद गर्नु पर्ने नै भएन, सजिलै विषय थियो। गण्डकी प्रदेशमा धेरै मन्त्रालय छन् राख्ने कि नराख्ने ? त्यो राख्नै पर्यो १२ वटा मन्त्रालय पनि ७ वटा गाउँमा, त्यो राख्नैपर्यो त्यो विवादको कुरा धेरै होइन । अहिले हामीले के कुरा गर्यौं भने ? एउटा कुरा त्यहाँ उठायौं हामीले उठाएको विषयमा समितिमा मताधिकार हुनुहुँदैन।

माननीय दिपक क◌ोइराला आज आउनुभएको छैन, उहाँले नै धेरै पठक कुरा उठाउनु भयो। उहाँ हामी एउटै पार्टी हुँदा उहाँले भन्नुभयो, माननीयज्यू, यो ६-६ जना यसको समितिको सदस्य हुन्छ, पदेन सदस्य हुन्छ, मताधिकार सहतिको ६-६ जना मन्त्री हुन्छ, हाम्रो त कोरोमै पुग्दैन, कोराम नै नपुगेर हाम्रो त वैठकै नहुने भयो। त्यो भएर मन्त्रीको मताधिकार हटाउनु पर्यो भनेर धेरै पटक भन्नुभयो ।

शुरुमा सबै मिलेर ल्याइयो, ठिक ल्याए पनि वेठिक ल्याए पनि, कमजोरी ल्याए पनि त्यहाँ सबैले ल्याईयो, हामीले त बिचमा छलफल गर्न पनि खोजेका थियौं, भएन त्यति भन्दाभन्दै सरकार परिवर्तन भयो, गठवन्धन सरकार बन्यो, उता एमाले विपक्षमा गयो। पहिला मन्त्रीको मताधिकार फेरौं भन्दा लगभग सहमति थियो, सबैजनाको सहमत थियो, तर के हुँदो रहेछ भने त्यो सरकार फेरिएपछि मान पनि फेरियो । पहिला जसरी पनि फेर्नु पर्छ भन्ने माननीय साथीहरु अहिले त जसरी पनि फेर्नु हुँदैन भन्नेमा पुग्नु भयो, मन्त्रीको मताधिकार फेर्नु हुँदैन भन्नेमा पुग्नुभयो।

हामीले भन्यौं फेर्नु पर्छ, यो कुनै पक्ष विपक्ष कुरा होइन, यो सत्तापक्ष प्रतिपक्षको विषय होइन, यो समिति संचालन गर्न अप्ठ्यारो परिराखेको छ, सबैलाई परिराखेको छ, यो सबैलाई परेको हुनाले फेर्नु पर्छ भन्दा मान्नु भएन । हामीले त्यहाँ फरक मत लेख्नुपर्ने भयो । अहिले सम्मको इतिहासमा हामीले समितिको छलफलमा फरक मत राखेर आएका छैनौं। यसपाली फरक मत राखेर ल्यतभ या म्भअष्कष्यल लेखेर आउनु पर्ने भयो ।

हामीले भन्यौं, यो मन्त्रीलाई मताधिकार दिने कुरामा कुनै पनि हालतमा हाम्रो लचकता हुनुहुँदैन भनेर हामी फरक मत लेख्छौं भनेर हामी गण्डकी प्रदेशको नेकपा एमालेको तर्फबाट हामीले फरक मत लेखेका छौं । यो नियमावली संसोधन समितिलाई हामीले पूर्ण रुपमा ठिक हो, काइदा हो हामीले भन्न सक्ने स्थिति छैन, यसप्रति हाम्रो यो फरक मत छ, असहमति छ । असहमति भएको कारणले असहमति नै जाहेर गर्छौं । हाम्रो दलको तर्फबाट असहमत असहमति नै हुन्छ । खाली एउटा कल्चरको विकास कसरी गर्ने भन्ने कुरा हो ?

कल्चरको विकास गर्ने कुरा के हो भने आफूलाई नपर्दा तपाईंले त गर्नु मन्नुपर्यो नि लचकता अपनाउनु पर्यो नि भनेर भन्ने, अनि आफू माथि परेपछि घोक्रामा अठ्याउने । आफू कमजोर भा बेला पाऊ पनि समाउने, परेको बेलामा लचकता पनि अपनाउने अनि आफु माथि पर्दा जुन शैली छ नि **(नबुझिएको)** प्रदेश सभा नियमावलीकै आधारमा हामी चलिरहेका छौं, अब पनि हामी निमावलीकै आधार चल्छौं । भोलिका दिनहरुमा पनि जो साथीहरु निर्वाचित भएर आउनु होला, हामी अथवा अरु कोही पनि निवार्चित भएर आउँला। निर्वाचित भएर आएका साथीहरुले हामीले बनाएको बाटो लिने हो, हामीले बनाएकै नियमावलीको आधारमा चल्ने हो । हिजो हाम्रो बेलामा त केही पनि थिएन, सबै हामीले संरचना बनायौं, सबै स्थापना गरिदेऊँ। अब आउने साथीहरुलाई हामीले त धेरै कुरा बनाइदिएका छौं नि, धेरै कुरा निर्माण गर्देका छौं नि ! हामीले कुरा बनाएको जगमा टेकेर अगाडि बढ्ने हो । यो नियमावली भनेको पनि एउटा गायत्री मन्त्र जस्तो हो । त्यो वाहुन क्षेत्रीले भन्ने गायत्री मन्त्र जस्तो हो । त्यसलाई ठिक ढङ्गले चलायो भने ठिक ढंगले चल्छ, त्यो ठिक ढंगले चलाएन भने बेठिक हुन्छ ।

माननीय सभामुख हाम्रो द्वन्द्व भयो, भएन कि ? नियमावली सम्वत् भएन कि ? भन्नु पर्ने भयो कहिले काहीं त्यस्तो पनि हुन्छ, बेला बेलामा । त्यसकारण जे होस् अक्षरस पालन गर्नुपर्छ, यो वा ऊ नभनिकन पालन गनुर्पर्छ । दलको मुख नहेरीकन, व्यक्तिको मुख नहेरीकन नियमावलीलाई हेरेर हामीले पालना गर्नुपर्छ । हामीले त्यसरी पालना

गर्नसकियो भने संस्थालाई बलियो बनाउन सक्छौ । हाम्रो उद्देश्य के हो भने प्रदेश सभालाई बलियो बनाउने हो । प्रदेश सभालाई संस्थागत रुपले बलियो बनाउने हो । यो प्रदेश सभा बलियो भयो भने नै हाम्रो पनि ईज्जत बढ्छ, हाम्रो सान बढ्छ ।

संघीयताको बारेमा बारम्वार कुरा गर्छौं, संघीयताको बारेमा बारम्बार कुरा गर्ने के हो भने प्रदेश सभा छ भने संघीयता छ, प्रदेश सभा छैन भने संघीयता छैन, त्यो बारेमा प्रष्ट हुनुपर्छ। जब प्रदेश सभा हटाइयो, भने, मानौ हटाउने कुरा गर्यौं भनेर संघीयता हुँदैन। हामीले के निम्ति आन्दोलन गर्यौं ? के को निम्ति परिवर्तनको आन्दोन गर्यौं ? के को निम्तिआन्दोलन गर्यौं ०६२/६३ सालको भने विकेन्द्रीकरणको निम्ति होइन, विकेन्द्रीकरणको निम्ति हो भने पहिले गरेको भए त भइहाल्छ नि किन आन्दोलन गर्नुपर्यो। प्रदेश  किन चाहियो ? अहिले केही बुद्धिजीवि साथीहरु के भन्नु हुन्छ भने, त्यो अलिकति चित्त नबुझेका साथीहरु अथवा संघीयता मन नपर्ने साथीहरु के भन्नु हुन्छ भने यो प्रदेश घाँडो भयो भन्नु हुन्छ । त्यो उहाँको बुझाईमा घाँडो भएको हो । प्रदेश घाँडो भएको होइन, बरु यो प्रदेशलाई चलाउने कुरा, यसलाई स्थापित गर्ने कुरामा ढङ्ग नपुगेको हुन सक्छ । हाम्रा कार्यशैली, हाम्रा व्यवहार, हाम्रा आचरण, हामीले गर्ने गतिविधि, हामीले बनाउने कार्यक्रम, जनताको मन छुने खालको छ कि छैन ? हामीले जनतालाई आकर्षित गर्ने गरी हामीले काम गरेका छैनौं भन्ने मुख्य कुरा हो ।

हामीले जनतालाई आकर्षित गर्ने गरी काम गरेका छौं भने त ठिकै काम गरेका छौं भनेर भन्नुपर्यो । तपाईंले काम गरेकोमा ठिकै छ भने जनताहरु प्रभावित भएका छनन् र नजिक नजिक भएका छन् प्रभ ावि त भएका छन् भने ठिकै भएको हो, तपाईं भन्दा टाढा गएका छन् र विरोध गरेका छन् भने सोच्नुपर्छ । हाम्रा आचरण, शैली, व्यवहारमा हाम्रा कार्यक्रममा कमजोरी हुन सक्छ, ती कमजोरीलाई सच्याएर अगाडि बढ्नु पर्छ ।

संघीयतामा गल्ती होइन, संघीयतामा खोट होइन, संघीयता गलत होइन, मूल कुरा हाम्रा गतिविधि, आचरण अथवा कार्यक्रममा खोट हुन्छ सक्छ । हामीले कस्ता खालका कार्यक्रमहरु अगाडि बढाएका छौं ? हामीले प्रदेशलाई बलियो बनाउने बनाएका छौं कि

? कमजोरी बनाउने काम गरेका छौं कि ? त्यसलाई  रियलाइज गर्नुपर्छ, जुनसुकै नामले होस् त्यसलाई कमजोर बनाउन पाइन्न । सरकार विभिन्न हुन सक्छ, सरकार फेरिरहन्छ तर फेर्ने कुरा केही भएन तर संघीयता, व्यवस्थालाई कमजोर पार्ने, प्रणालिलाई कमजोर पार्ने हक, अधिकार कसैलाई पनि छैन ।

यो बारेमा हामी सबै मिलेर प्रतिपक्ष, सत्तापक्षमा बसेको माननीयहरु मिलेर आम नागरिक समाज, पत्रकार सबै समुदाय मिलेर यो संघीयतालाई, धर्मनिरपेक्षतालाई, समावेसी लोकतन्त्रलाई, संघीय लोकतान्त्रिक गणतन्त्रलाई यी सबै व्यवस्थालाई बलियो बनाउने काममा लाग्नुपर्छ, यो कुरामा हामीले हेक्का राख्नुपर्छ । यसका निम्ति यो प्रदेश सभा बलियो हुनुपर्छ भनेरै यो नियमावलीको कुरा हामीले गरेका छौं ।  यसलाई अक्षरस कार्यान्वयन गरौं । यसलाई बलियो बनाउने कामा बनेको छ, यसलाई अलि व्यवस्थित बनाऔं । कहाँनिर काम गर्ने अभ्यासमा कहाँनिर समस्या भयो ? यो काम गर्ने  दौरानमा संविधानसम्मत र ऐनसम्मत कहाँनिर वाधा पुग्यो ?

त्यसलाई संसोधन गर्ने हो, हामीले अन्यथा किसिमले सोच्ने होइन यो कुरा म राख्छु । अरु कुरा हामीले सुझाव राखेका छौं। खासगरी मन्त्रीको मताधिकार जुन समितिमा छ, समितिमा मताधिकार भएको कुरा प्रति हाम्रो आपत्ति छ जहाँसम्म छ, यो समितिले पेश गरेको नियमावलीको सन्दर्भमा पनि हामीले असहमति जनाएका छौं । धन्यवाद।

**माननीय सभामुख**

अम ब म माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री बिनोद के.सी ।

**माननीय सरिता गुरुङ**

माननीय सभामुख महोदय, प्रतिवेदन विषयमा छलफल २०७९ को छलफलमा भाग लिन यस गरीमामय सभामा प्रस्तुत भइराखेको छु ।माननीय सभामुखज्यू, यो प्रदेश नियमावली चौथो पटक संसोधन २०७९ मा संसोधन हुन चौथो पटक गइराखेको छ।

यसमा मलाई लाग्छ, यो नियमावली संसोधन सम्बन्धीको समितिको निर्णयहरु र यो केमा हुन्छ ? र के कति सम्म गरियो ? र गर्न आवश्यकता छ? भन्ने बारे पक्कै पनि यो गण्डकी प्रदेशलाई एउटा गौरव बनाउनको लागि र गण्डकी प्रदेशको मार्गनिर्देशन बढाउनको लागि र गण्डकी प्रदेश जनताको लागि यो आवश्यकतालाई र सम्भावनाहरुलाई पहिचान गरेर यसको पहिचान गरेर गरेको आवश्यकता ठानेको होला भन्ने म आफूले सोचेको छु ।

र यसमा धेरै विद्धान माननीयज्यूहरुले भनिसक्नु भएको छ किनभने हामीले यसमा गुमाएको भागहरु होस्, यो लिपुलेकको चुच्चे नक्सा हामीले गत वर्ष त्यसको नक्सा पनि हामीले पाएका थियौं र अब यसको लोगो पनि बन्छ भन्ने कुरा भइराखेको थियो र त्यो साथै पनि हाम्रो घर घरमा न्यूज पेपरमा तयार भएको थियो । त्यतिखेर संसोधन सँगै अहिले आएर यो के के मा गर्ने हो त ? भन्ने विषयहरु यो मन्त्रालयका कुराहरु रहेछ । यसमा मलाई असाध्यै खड्केको कुरा यो आवश्यकता हो भन्ने कुरा यसमा समितिमा मन्त्रीहरुको मताधिकार हुनुपर्छ जस्तो मलाई लाग्छ किनभने मन्त्री हुनको लागि सांसद भएरै जाने हो, त्यस्तै अब गैर सांसद भयो भने के हुन्छ जस्तो लाग्छ मलाई अब त्यसमा मन्त्री भयो भने के हुन्छ मलाई त्यस्तो लाग्छ सायद त्यस्तो विषय उठ्न सक्छ । सांसद भएरै मन्त्री हुने हो त्यसमा मन्त्रीको मताधिकार हुनुपर्छ, त्यो भइसकेपछि बल्ल त्यसमा मन्त्री परिषद्मा भएको कुराहरु त्यहाँ छलफल हुनेछ र हामीले राखेको समस्याहरु अब विधायन समितिमा कानुन मन्त्रालयसँग बढी सम्बन्ध हुन्छ र त्यसैगरी अन्य समितिको विषयहरुमा हामीले मन्त्री बोलाउने गरिन्छ।

एउटा विज्ञ बोलाउने समितिको सांसदहरु बस्ने तर मन्त्रालयकै बारे आन्तरिक कुराहरु त्यसको बारेमा जानकार गराउन मन्त्रीहरुको आवश्यकता पर्छ र त्यसलाई पास गराउनको निम्ति मताधिकार पनि मन्त्रीमा हुनुपर्छ भन्ने मलाई लाग्छ। यति भन्दै यो यसमा नियमावली संसोधन २०७९ मा म र मेरो दलको समर्थन रहेको माननीय सभामुख मार्फत जानकारी गराउन चाहन्छु । धन्यवाद । जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी.लाई छलफलमा भाग लिन समय दिन्छु ।त्यस पछि माननीय सदस्य पियारी थापा ।

**माननीय विनोद के.सी.**

सभामुख महोदय, आज हामी यो वैठकमा यो गण्डकी प्रदेशको यो प्रदेश सभा नियमावलीको विषयमा हामी छलफलमा छौं । यो आज हामी यो चौथो पटक यो हाम्रो संसोधन प्रकृयामा छौं । विशेष गरी यो नियमावली संसोधन जुन समय परिस्थिति आवश्यक अनुसार गर्नु पर्ने हुँदो रहेछ । हिजो हाम्रो परिवेशमा पहिलो चोटी प्रदेश सभामा हुँदा नियमहरु, अनुभवहरु, नियमहरु कम थाहा थियो, काम गर्दैगर्दा के कुराको आवश्यक पर्छ र तत्काल बसेर सरकारले आफूलाई अनुकूल हुने गरी, प्रदेश सभा संचालन हुने विशेष गरी यो प्रदेश सभा संचालनको लागि यो मस्यौदा जो समिति मार्फत यो प्रदेश सभा संचालन गर्नको यो मस्यौदा यो जो समिति मार्फत यौ प्रदेश सभा संचालन गर्न जे जे कुरा आवश्यक छ । त्यसलाई मध्यनजर गर्दै त्यसलाई विभिन्न चरणमा ल्याउँदै, मलाई लाग्छ प्रतिपक्ष, सत्तापक्ष नभनिकन हामी एकै मतले हामीले संसोधनलाई पास गर्दै आएको छौं ।

यो विशेषगरी चौथो संसोधन संघीय सरकारले एउटा राष्ट्रिय रुपमा आफ्नो देशको एउटा नक्सा सार्वजनिक गर्ने कुरामा आफ्नो भूभागलाई समेट्ने गरी सबै प्रतिनिधि सभामा यो चुच्चे नक्सा, जो लिम्पियाधुरा देखि विभिन्न नक्सा समेटेर लियो त्यसलाई हाम्रो संघीय सरकारको सत्तापक्ष, प्रतिपक्ष सम्पूर्ण राजनीतिकहरुले एकमुष्ट पास गरिसकेपछि हाम्रो यो गण्डकी प्रदेश जुन नेपालको नक्सा अंकित गरेका थियौं र लोगोमा त्यो पनि अंकित थियो।

त्यो अहिले चुच्चे नक्सामा सार्वजनिक गरिसकेपछि हामीले यसलाई परिमार्जित गर्नु पर्ने थियो र जुन नक्सा अहिले हामीलाई लगाएको लोगोमा त्यो नक्सामा हाम्रो नियम, हाम्रो भूगोल भन्दा विपरित भएको हुनाले त्यसलाई विशेष महत्वका साथ लिएको हुनाले यो

अघिनै माननीयज्यूहरुले भनिसक्नु भयो । यो २ वर्ष अगाडि गर्नु पर्ने थियो यो ढिलो त भइयो तथापि यसलाई हाम्रो कार्यकाल सम्पन्न हुँदासम्म हाम्रो यो जुन नक्सा छ, लोगो छ त्यो अवैधानिक जस्तो भएकोले यसलाई वैधानिक गर्नु पर्‍यो र ढिलै भए पनि यो संसदमा आएको छ यसलाई एकमतका साथ पास गर्नु पर्छ भन्ने मलाई पनि लाग्छ ।र विशेष गरी यो समितिमा मताधिकारको विषयमा विशेषगरी मन्त्रीहरुको प्रतिनिधित्व मताधिकार सहितको हुने कि नहिने भन्ने विषाय प्रतिपक्षका माननीयज्यूहरु उठाउनु भएको छ । यो मताधिकार हुनुहुँदैन भन्ने खालको छ भनेपछि। मलाई लाग्यो पहिलो प्रदेश सभाको एउटा सदस्य हो, माननीय हो ।

त्यसपछि उहाँहरुको भूमिका विभिन्न ठाउँमा हुन सक्छ, उहाँहरुको कार्यपालिकामा आफ्नो भूमिका हुन सक्छ तर प्रदेश सभामा आइसकेपछि उहाँहरु माननीयको रुपमा उपस्थित भइसकेपछि, माननीयहरुको आफ्नो उठेका कुरा राख्ने, आफ्नो जिज्ञासा निर्णयार्थ पेश गर्ने कुराहरुमा यो प्रदेश भएको माननीयज्यूहरुको जो अधिकार छ, त्यसलाई कायम राख्नु पर्छ जस्तो मलाई लाग्छ । उहाँहरुको मताधिकारलाई सुरक्षित गरिनु पर्छ जस्तो मलाई लाग्छ ।

प्रदेशको विभिन्न उपसमितिमा सदस्य रहने बेलामा हाम्रो अर्थ विकास समितिको सभापतिले विभिन्न कालक्रममा कुरा उठाउनु भएको थियो, बारम्बार कोरम नपुगेको कारणले मन्त्रीज्यूहरुको व्यस्तताको कारणले र कोरम पुग्ने क्रममाको कारणले अप्ठ्यारो परेको कुरा उठेको हो, तथापी त्यसमा माननीय मन्त्रीज्यूहरुले यो विषयलाई गम्भीरताका उपस्थिति गराइदिने, त्यहाँ कोरम पुर्याइदिने उहाँको आफ्नो जिम्मेवारी रहन्छ, त्यो आफ्नो कर्तव्य रहन्छ । त्यसलाई मताधिकार गरेर उहाँलाई वञ्चितै गर्नुपर्छ भन्ने त्यति उपयुक्त हुन्छ जस्तो मलाई लाग्दैन, तसर्थ यो गण्डकी प्रदेशको चौथो संसोधनको पक्षमा म र मेरो दलको समर्थन रहेको जानकारी गराउँदै म र मेरो दलको समर्थन भन्दै मेरो भनाई अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।त्यस पछि माननीय सदस्य श्री धनमाया लामा।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, यतिबेला हामी प्रदेश सभाको नियमावली २०७४ लाई चौथो पटक संसोधन गर्न लागेको अवस्थामा यो संसोधन क्रममा हामी छलफलको क्रममा छौं। र यो छलफलको क्रममा रहँदा मलाई लाग्छ, हामीले सबै एक मन र एक मतका साथ करिव २ वर्ष अगाडि चुच्चे नक्सा पारित गरेका थियौं । यो संघसरकारले पारित गरेको थियो त्यसलाई हामीले स्वागत गरेका थियौं । त्यो चुच्चे नक्सा पारित भएको अहिले २ वर्ष पुगिसकेको छ । त्यो २ वर्ष पुगिसक्दा पनि अझै पनि हामीले हाम्रा लोगोहरुमा अथवा हामीले प्रयोग गर्ने लोगोहरुमा अझै पारित गर्न सकिराखेका छैनौं ।

मलाई लाग्छ, हामीले यो लोगो लगाइराखेका छौं, यो अवैधानिक प्रकारको लोगो लगाइराखेका छौं । त्यसकारणले गर्दा यो लोगो प्रदान गर्ने कुरा हामी कति धेरै कति छिटो अपग्रेट हुँदारहेछौ त भन्ने प्रमाणित हुँदारहेछौं । हामी व्यवहारमा अराष्ट्रवादी हुने अनि बोलीमा मात्रै राष्ट्रवादी हुने प्रविधि हामीले त्यागौं भन्ने मात्रै हो, किनभने हामीले व्यवहार र बोली एउटै गरेनौं भने हामी त्यो राष्ट्रवादी कहलिदैनौं, जवसम्म हामी राष्ट्रवादी तब हुन्छौं जब हामी बोलीमा र व्यवहारमा एकसमानता हुन्छ । त्यसपछि हामी राष्ट्रवादी कहलिन्छौं । यो ढिलै भए पनि आएको यसमा म धन्यवाद दिन चाहन्छु । कतिपय विषयवस्तुहरु छन् त्यसलाई समयानुकुल बनाउन आवश्यक छ ।

हामी आज एउटा विषयवस्तु हुन्छ, भोली अर्को विषयवस्तु हुन्छ ती विषयहरु पनि छ फेरी यो अगतिशील प्रकारको पनि होइन यो गतिशील प्रकारको हुन्छ, संविधान गतिशील प्रकारको हुन्छ, त्यसैले समयानुकूल बनाउने कुरा यो पनि राम्रो कुरा हो । त्यसकारणले गर्दा, अर्को कुरा छ अघि भर्खरै एउटा कुरा उठिराखेको छ, हामी छलफलमा पनि ती कुराहरु उठिराखेको थियो ।

मन्त्रीलाई मताधिकार दिनु हुँदैन समितिमा । हामीसँग ४ वटा मताधिकार समिति छन् र ती समितिहरुमा मन्त्रीलाई मताधिकार दिनुहुँदैन भनेर जुन खालको प्रश्नहरु उठिराखेका थिए, अर्थात जुन खालको प्रश्नहरु उठिराखेका थिए अर्थात जुन खालको छलफल उठिराखेका थियो । अरु चिज हो कि जस्तो लाग्छ मलाई किनभने जब प्रदेश सभाको सांसद हुन्छ र उसलाई मत अधिकारबाट वञ्चित गर्ने कुरा त्यो राम्रो होइन । त्यसकारणले प्रदेश सभाको सदस्य हो त्यसपछाडि मन्त्रीहो अथवा त्यो सांसद नभएको मान्छेलाई त्यो गैर सांसद मन्त्री बन्ने अवस्था उचित प्रकार हुन्छ, उचितै हुन्छ नत्रभने सांसद नै मन्त्री हुने अथवा प्रदेश सभाको मन्त्री बन्ने कुरामा उसको अधिकार नराख्ने भन्ने विषय उल्टो बाटो हो यसकारण यतातर्फ जानु हुँदैन भन्ने मेरो मत रहेको । अर्को कुरा हामीले यो नियमावलीमा हामीले दलित व्यवस्थालाई जुन खालको दलित व्यवस्थामा पनि वहुदलिय व्यवस्था हो र मल्टिपार्टी सिस्टम हो। अहिले मल्टिपार्टी सिष्टमलाई कोल्याप्स पार्ने, ठूला दलहरुका त्यो हामीले देखेका छौं। हामीले जुन संविधान अथवा त्यो जुन खालको हामीले डबल खालको थ्रेसहोल्ड लगाइएको थियो, त्यसलाई हामीले आवाज उठाइरहेका थियौं, त्यो खालको संवोधन हुन सकेको थिएन, र अहिले पछिल्लो समयमा यसलाई सुधारिएको छ ।

कतिपय गलत प्रकृयाहरु पनि गलत प्राक्टिसहरु छ भने त्यसलाई सुधार्नु पर्छ र अहिले हामीले सुधारेर ल्याएको अवस्था छ र यसको लागि पनि म सरकारलाई धन्यवाद दिन चाहन्छु । यो मल्टिपार्टी सिस्टमलाई कोल्याप्स गरेर त्यो पार्टी सिस्टममा हिंड्ने जुन खालको प्रविधि छ, त्यही प्रविधिका कारणले थ्रेसहोल्ड लगाइएको थियो । यसकारण त्यो थ्रेसहोल्ड उचित थिएन, हामीले त्यहीबेला देखि बारम्बार आवाज उठाइराखेका थियौं र त्यो आवाजले कमसे कम यो पछिल्लो समयमा आएर त्यो संवोधन भएको छ र त्यसलाई सच्चिएको छ । त्यो मानेमा फेरी पनि सरकारलाई हार्दिक धन्यवाद दिँदै यो संसोधनमा हाम्रो राष्ट्रिय जनमोर्चा दलको सहमति रहेको जानकारी गराउँदै मेरो भनाई यहीं अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु। त्यस पछि माननीय सदस्य श्री राजिव पहारी ।

**माननीय धनमाया पोखरेल लामा**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभा नियमावली २०७४ को चौथो संसोधन सम्बन्धी प्रतिवेदन सम्बन्धमा आफ्नो धारणा राख्ने अनुमति चाहन्छु । नेपालको संविधान २०७२ को धारा १९४ को अधिकार प्रयोग गरी गण्डकी प्रदेश सभाको कार्य संचालन व्यवस्थित गर्न, सुचारु गर्न प्रभावकारी बनाउन समितिहरुको गठन, कामकारवाहीलाई सुचारु गर्न प्रदेश सभाले गण्डकी प्रदेश सभा नियमावली २०७४ बनाएको छ ।

माननीय सभामुख महोदय, प्रदेश सभा नियमावली एउटा गतिशील दस्तावेज हो यो, यो समयानुकुल परिमार्जन र संसोधन हुन आवश्यक छ । त्यही अनुरुप हामीले गण्डक प्रदेश नियमावली २०७४ लाई चौथो पटक संसोधन गरेर अहिलेको माग अनुसार यसलाई व्यवस्थित गर्न हामीले जुन एउटा कार्यदाल निर्माण गर्यौं र त्यहाँबाट प्रतिवेदन सहित अहिले प्रदेश सभामा यो चौथो नियमावली संसोधन अहिले परिमार्जित सहित यहाँ आएको छ।

माननीय सभामुख महोदय, यो प्रदेश सभा नियमावली २०७४ को चौथो संसोधन हो, यसमा हामीले विशेषगरी २ वटा विषयवस्तुहरुलाई महत्वपूर्ण हिसावले संसोधन गरेको मैले त्यो अनुभूति गरिरहेको छु । जुन दलिय हिसावले हामीले नेपालको संविधान र राजनीतिक दल सम्बन्धी ऐन र निर्वाचन आयोगले दिएको जुन थ्रेसहोल्ड छ, संघमा ३ प्रतिशत कटाएपछि राष्ट्रिय पार्टी हुने र प्रदेशमा १.५ प्रतिशत प्राप्त गरिसकेपछि टोटल मत प्राप्त गरेपछाडि प्रदेश पार्टी हुने जुन एउटा निर्वाचन आयोगले व्यवस्थापन गर्यो । त्यसको विपद् व्यवस्थापन सरकारले जुन नियमावलीको व्यवस्थापन छ, यहाँको दलिय हिसावलाई बन्देज गर्ने हिसावले यो नियमावली व्यवस्थापन गरेर आएको थियो।

हामीले बारम्बार यो पारित भएर आउँदाखेरी हामीले यो दलिय हिसावले असहमत जनाउँदै आएका थियौं भलै त्यो लामो समय पछाडि यसलाई संसोधन गर्ने अवसर मिलेको र यो सकारात्मक पक्ष हो भन्ने मलाई लागेको छ । त्यसैगरी मन्त्रालयहरुको नाम, अधिकार, क्षेत्र परिवर्तन भएको कारण सम्बन्धित विषयगत समितिको कार्यक्षेत्र अनुसारका मन्त्रालयहरु राख्ने गरी समीक्षा गरिएकौ छ यो पनि महत्वपूर्ण विषय हो भन्ने मलाई लाग्दछ । माननीय सभामुख महोदय, प्रदेश सभा नियमावली २०७४ को चौथो संसोधनको मूल विषय नियमावलीको अनुसूची ८ को प्रदेश सभाको प्रतिक चिन्ह हाम्रो लोगोमा भएको नेपालको नक्सा भएकोमा नेपालको संविधानको अनुसूची ३ मा रहेको निशान छाप बमोजिमको नक्सालाई समावेश गर्ने गरी संसोधन गरेको यो महत्वपूर्ण विषय भन्ने मलाई लाग्छ। जुन नेपाल सरकारद्वारा कालापानी, लिपुलेक, लिम्पियाधारा समेटिएको नेपालको नामाकरण मिति ०७७ जेठ ७ गते सार्वजनिक गरेको थियो यो नेपालको इतिहासमा गौरवको विषय हो भन्ने मलाई लाग्छ र हामीले यी विषयहरु करिव २ वर्ष वितिसक्दा पनि हाम्रो प्रदेशका गौरवको जुन हाम्रौ चिनारी छ ।

लोगो यसलाई हामीले संसोधन गरेर हामीले नेपालको नक्सा संसोधन भए अनुसार जुन नयाँ नक्सा छ, त्यसलाई समावेश गरेर प्रदेश सभाका सदस्यहरुले यसको प्रयोग गर्न हामी सबै राजनितिक दलहरु तत्पर नहुँदाखेरी २-२ वर्ष यो समिति बनेर कामकारवाही अगाडि बढ्दा पनि यसले परिणाम ल्याएन नसकेको जगजाहेरै छ । मलाई लाग्छ, हामीले नीति, नियमा कानुनहरु र हाम्रा नियमावलीहरुलाई समय अनुसार करेक्सन गर्दै, परिमार्जितच गर्दै समृद्ध बनाउँदै लगेर त्यसलाई व्यवस्थित गर्न सक्छौं, यो एउटा हाम्रो उदाहरणको विषय हो । यो प्रदेश सभा नियमावलीलाई चौथो पटक संसोधन गरेर यसलाई व्यवस्थित र समृद्ध बनाउने एउटा महत्वपूर्ण कुरा हो, ढिलै भए पनि प्रदेश सभाले खेलेको छ । यसमा मेरो दल र मेरो पूर्ण समर्थन रहेको जानकारी गराउँदै मेरो भनाई यहीँ अन्त्य गराउँदछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय राजिव पहारी**

माननीय सभामुख महोदय, विद्धान मान्यज्यूहरुले धेरै कुराहरु राखिसक्नुभएको छ । नियमावली भनेको सदनलाई व्यवस्थित ढंगबाट संचालन गर्ने एउटा विधान हो, कानुन हो। तपाईं हामी सबैलाई थाहा छ, यो प्रदेश सभा तपाईं हामी सबै माननीयहरु यो प्रदेश सभाका संस्थापक सदस्य पनि हौं । बनी बनाउ बाटोमा गाडी चलाउन सजिलो हुन्छ, बाटो खन्दै, बनाउँदै गाडी चलाउने कुरा अप्ठ्यारो पनि हो । हिजो हामी निर्वाचित भएर आउँदा हामीले वैठक बस्ने ठाउँ पनि थिएन, नियम संचालन गर्ने कुनै कानुन, नीति, नियम पनि थिएन, हामीले त्यो कानुन, नीति, नियम पनि बनायौं ।

अघि माननीयज्यूहरुले कुरा राखेजस्तै, यो नियमावली कानुन वा विधान संविधान नै भनौं, आवश्यकता र औचित्यताको आधारमा त्यो समयसापेक्षित हिसावले संसोधन हुँदै जान्छ। अहिले यो गण्डकी प्रदेश सभाको नियमावली अनुसार नै संचालन हुन्छ, यो नियमावली आफैमा स्वायत्त पनि हो । हामीले ३ पटकसम्म यो नियमावली संसोधन गयौं । आज चौथो पटक यो नियमावली संसोधनको निम्ति प्रदेश सभामा छलफल भइरहेको छ । मैले अहिले यहाँ बोलिरहेको बेला राष्ट्रवादी नेता जस्तै बोलिमा होइन, व्यवहारमा सिंगो मुलुकलाई एकतावद्ध गर्नु भो ।

क्याविनेटबाट उहाँको नेतृत्वमा आदरणीय नेता के.पी. शर्मा ओली भलै उहाँ नेकपा एमालेको श्रद्धेय अध्यक्षा हुनुहुन्छ, उहाँ प्रधानमन्त्री हुँदा उहाँलाई छिमेकी मुलुकले अतिक्रमण गरेको जुन नेपाली भूमि कालापानी, लिपुलेक, लिम्पियाधारा सहितलाई समेटेर क्याविनेटबाट त्यसलाई निर्णय गर्ने काम भयो, सदनबाट सर्वसम्मत ढङ्गबाट नक्सा जाहेरी गर्ने काम भयो, संविधानमा त्यो कुरालाई व्यवस्थापन गर्ने काम भयो संसोधन गरेर, उहाँको नेतृत्वमा सबै सिंगो मुलुकलाई एकतावद्ध बनाएर र आज त्यो चुच्चे नक्सा चुच्चेलाई पनि हामीले यहाँबाट यो संसोधन मार्फत पारित गरेर अब यो लोगोमा हामीले समावेश गर्दैछु।

तसर्थ, म पूर्व प्रधानमन्त्री के.पी. शर्मा ओली लगायतको सर्वसम्मत ढङ्गबाट यसलाई पारित गराउनु हुने सबै माननीय ज्यूहरुलाई विशेष रुपमा सम्झन पनि चाहन्छु । नेतृत्व सक्षमवस दुरदर्शी भयो भने गर्न नसक्ने केही हुँदो रहेनछ । यस्ता कुराहरु खास खास बेलामा नेकपा एमालेकै नेतृत्वमा हुन्छ । अहिले त हामीले क्याविनेटबाट निर्णय गरेर अमेरीकालाई एउटा पत्रि पनि क्याविनेटमा पठाउन सकिराखेका छैनौं, त्यतातिर मन रहेनछ। धेरै कुरा आइसक्यो हाम्रो नेकपा एमालेको तर्फबाट हाम्रो एमालेको तर्फबाट हाम्रो संसदीय दलको निर्णय लगायत अन्य कुराहरु यो नियमावली संसोधनको विषयमा महत्वपूर्ण कुरा हाम्रो दलको प्रमुख सचेतक आदरणीय माननीय मायानाथ अधिकारीज्यूले धेरै कुराहरु राखिसक्नु भएको छ, म त्यतातिर जान चाहान्न। मैले नेकपा एमाले संसदीय दलको तर्फबाट हामीले यो नियमावली संसोधनको एउटा बुँदामा हामीले किन असहमति राख्यौं ? किन विमति राख्यौं ? किन नोटअफ डिसेन्ट राख्यौं ? यो विषयमा म यहाँ थोरै प्रकाश पार्न चाहन्छु ।

माननीय सभामुख महोदय, हामी अहिले लोकतान्त्रिक शासन प्रणालीलाई हामीले अवलम्वन गरेका छौं, लोकतान्त्रिक व्यवस्थामा छौं, हामी सबै लोकतान्त्रिकका कुरा गरेर कहिल्यै थाक्दैनौं पनि, तर जे जति पनि विधेयकहरु यी विधेकहरुको निर्माण, उत्पत्ति, सम्बन्धित विभागीय मन्त्रालयहरुबाट भएर क्याविनेटमा आउँछ, त्यो क्याविनेट मै सम्बन्धित मन्त्रीहरुले आफ्नो राय, धारणा, दृष्टिकोण त्यसमा असहमति छ भने त्यहाँ उसले आफ्नो मताधिकार राख्छ मन्त्रीले । मन्त्री भनेको एउटा कार्यकारीणी पोष्ट हो।

सम्बन्धित विषयमा क्याविनेटमै आफ्ना रायहरु राख्नुहुन्छ, सुझावहरु पनि राख्नुहुन्छ, मतहरु राख्नुहुन्छ तर त्यहाँ पनि मतहरु राख्ने अनि समितिको वैठकमा आएर पनि मतहरु राख्ने कुरा यो कन्फ्लिट अफ इन्टस्टको सामान्य सिद्धान्त अनुसार पनि यो विधि सम्मत हुँदैन, यो पद्धति संवद हुँदैन, यो प्रकृयासंवद्ध हुँदैन, हामीले यहाँ छलफल गरिरहेको बेला हामीले कस्तो नजिर स्थापित गर्न खोजेका छौं ? कस्तो निर्णय गर्न खोजेका छौं भन्ने कुराको हामीले गम्भीरता पूर्वक सोच्नु पर्छ । अब सिधा भाषा भन्दाखेरी तीतो पनि लाग्न सक्ला।

समितिमा सरकारको वहुमत हुँदैन कि वा आफूले भने अनुसारको हुँदैन कि ? भनेर यो मन्त्रीको पनि जसरी  मताधिकार राख्नै पर्छ भन्ने जुन ढङ्गबाट सिधै कुरा नभए पनि त्यो आशयका साथ आएको छ, यसले लोकतन्त्रलाई बलियो, सुदृढ गर्दैन, तसर्थ, यसले लोकतन्त्रलाई गलत नजिर स्थापित गर्ने भएकोले, मन्त्रीहरुले त सबै कुरा ते विधेयक ल्याउने यहाँ प्रस्तुत गर्ने त मन्त्रीले नै हो नि त । त्यसैले उहाँले क्याविनेट मै मताधिकार प्रयोग गर्ने भएकोले त्यो दोहोरो खालको सुविधा लिने कुरा मैले अघि नै भनें यसले राम्रो गर्दैन । तसर्थ, या सामान्य कन्फ्लिट अफ इन्टस्टको सिद्धान्त भन्दा विपरित भएको कारणले यो कुरामा हामीले असहमति राखेका छौं ।

हाम्रो दलको तर्फबाट  नोट डिसेन्ट राखेका छौं । फेरी नेकपा एमाले विरोधको निम्ति विरोध गर्ने पार्टी होइन, हामी त अर्जुन दृष्टि हो, लोकतन्त्रलाई कसरी बलियो बनाउन सकिन्छ ? कसरी स्थापित, सुदृढ गर्न सकिन्छ ? भन्ने हाम्रो मान्यता हो । तसर्थ, यो मन्त्रीहरुलाई मताधिकार दिने जुन व्यवस्था यो चौथो संसोधन नियमावलीमा गरेर यहाँ प्रस्तावकको तर्फबाट प्रस्तुत भएको छ  यसमा हाम्रो दलको गम्भीर रुपमा असहमत भएको छ ।

यसले गम्भीर नजिर स्थापना गर्ने भएकोले यसमा सबै सिंगो सदनले, तपाईं हामीले गर्ने निर्णयलाई गलत नजिर स्थापित नहोस्, भोली कुनै पनि हिसावले लोकतान्त्रिक मूल्य मान्यतालाई कमजोर पार्ने ढंगका निर्णयहरु यो सदनबाट नगरियोस् । तसर्थ, यसमा नेकपा एमालेले फरक  मत राखेको थियो, यसमा साथीहरुले साथ दिनुहुनेछ, समर्थन दिनुहुनेछ भन्दै हामीले यो मैले मेरा कुराहरु यतिनै यहाँ राख्न चाहन्छु । धन्यवाद । नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को चौथो संसोधनको संसोधन मस्यौदाका लागि समितिका सभापति माननीय श्री ओमकला

गौतमलाई सो समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेश, प्रदेश सभा २०७४ को चौथो संसोधन नियमावली ०७९ को मस्यौदा माथि उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, सर्वप्रथम त म मेरो अध्यक्षतामा गठित नियमावली मेरो अध्यक्षतामा गठित नियमावली मस्र्यौदा संसोधन समितिमा सहयोग गर्नुहुने सम्पूर्ण मानननीयज्युहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । निकै छलफल गरेर नियमावली मस्यौदा समितिले निर्णयमा पुग्न सफल भएको २०७८ साल असोज १९ गते मेरो सभापतित्वमा पहिलो वैठक बसेको थियो । २०७८ साल चैत्र २५ गते सभामा समितिको प्रतिवेदन पेश भएको थियो र आज हामी त्यसैको छलफलको क्रममा छौं र माननीयज्यूहरुले सकारात्मकक सुझाव दिनुभएको छ, सकारात्मक सहमति दिनुभएको छ, म सभापतिको तर्फबाट म धन्यवाद दिन चाहन्छु ।

माननीयज्यूहरुले जुन दलमा हामीले यसमा धेरै छलफल गरेर, मिटिङ्ग बसेर व्यापक रुपमा छलफल गयौं, घनिभूत गयौं, किनभने नियमावली पटक पटक संसोधन गर्नु भन्दा त्रुटीरहित रहोस् । यसलाई व्यापक छलफल गर्नुपर्छ भनेर हामीले छलफल गयौं र यतिमात्र होइन हामी समितिमा भएको माननीयज्यूहरु मात्रै होइन संसदीय दल मार्फत सुझाव माग्यो, म्यासेज पठायौं, पत्रचार गयौं र दलका नेताहरुलाई समेत स्वयं समितिमा उपस्थित गराई राय, सुझाव र सल्लाहको आधारमा यो समिति एउटा निर्णयमा पुग्न सफल भएको थियो। मन्त्रीज्यूले कुरा राख्नुभयो । मन्त्रीज्यूको मतको अधिकारको विषयमा डिफर मत भएकै हो। हामी सबै कुराहरु सहमतिबाट गयौं ।

एउटा कुरामा मात्र उहाँको मत बाझिएको थियो र हामीले के भन्यौं भने वहुमत मात्रै भन्दा यो हाम्रो समितिमा या हामीले समितिमा हाम्रो निवेदन के थियो ? हाम्रो अनुरोध के थियो ? हाम्रो प्रयत्न के थियो ? भने समितिमा नियमावली जस्तो संवेदनशील कुरा यो प्रदेश सभा संचालनको एउटा ऐन हो त्यो बनाउँदा हामी विमतिमा होइन सहमतिबाट निर्णय गर्नुपर्छ भनेर ठूलो प्रयत्न गरियो अन्ततोगत्वा पहिलै बनिसकेको थियो पहिलै

मन्त्रीको मताधिकारसहितको यही प्रदेश सभाबाट पास भैसकेको थियो त्यो नियमावली पनि त्यो मतको अधिकारलाई हामीले नहटाउने निर्णय गयौं र त्यसमा उहाँले फरक मत राख्नु भएकै थियो । फरक मतको प्रतिवेदन सम्मानित सभामा चैत्र २५ गते पेश भइसकेको छ ।

माननीय सभामुखज्यू, एउटा सांसद भएर भएको मन्त्रीज्यूले मतको अधिकार प्रयोग गर्न पाउने संविधान मै व्यवस्था भए अनुरुप हामीले त्यसैलाई कायम गरेका हौं । त्यसलाई कायम गर्नु पर्छ भन्ने हाम्रो समितिमा वहुमतले निर्णय गरेको हो । यदि गैर सांसद मन्त्री छ भने उसको मतको अधिकार प्रयोग हुँदैन । साँच्चै सांसद भइसकेको व्यक्ति ऊ पहिला सांसद हो, यही गरीमामय प्रदेश सभामा पनि सबै मन्त्रीज्यूहरुको हरेक पल्टमा मतको अधिकार हुन्छ र हुन्न भन्ने पनि मतको अधिकार हुन्छ ! एउटै समयमा दुई वटा समितिमा एउटा मन्त्रीज्यूले मतको प्रयोग गर्न नपाउने व्यवस्था छ, तर एउटा समितिमा त एउटा मतको अधिकार त मन्त्रीज्यूले प्रयोग गर्न पाउनु संवेदनशील गर्नु पर्यो नि भन्ने संविधानलाई टेकेर, नियमावलीलाई टकेर विगतको अवस्थालाई हेरेर, विगतमै हामीले नै यही पदेश सभाबाट बनाएको नियमावलीलाई टेकेर यथास्थितिमा राखेको अवस्था हो । यसलाई अहिले संसोधन गर्न यो समितिले बनाएको होइन ।

माननीय सभामुख महोदय, मैले निवेदन के गर्न चाहन्छु भने, यहाँ यो क्याविनेटबाट छलफल गरेर आउने विषयवस्तु पनि होइन यो नियमावली यो मस्यौदा समितिले गराएको म क्याविनेट मन्त्री त होईन मेरो जानकारीमा भए अनुसार, क्याविनेटमा त एउटा मुख्यमन्त्रीले बोलेको कुरा त्यहाँ कानुन सरह हुन्छ । त्यहाँ कुनै मन्त्री डिफर मत राख्न पाउनु हुन्न त्यहाँ कुनै नोट अफ डिसेन्ट लेख्न पाउनु हुँदैन माननीय सभामुख महोदय यो पनि हाम्रो जानकारीमा, म मन्त्री नभए पनि मलाई जानकारी छ यति कुरा।

त्यहाँ मुख्यमन्त्री बोलेपछि त्यो विधायन संविधान सरह हो । त्यहाँ कुनै डिफर मत, नोट अफ डिसेन्ट रहँदैन, त्यो नोट अफ डिसेन्ट लेख्नेवित्तिकै सायद मलाई मन्त्री रहनु हुन्छ जस्तो मलाई लाग्दैन । त्यस कारण यो मन्त्री मण्डलबाट नियमावली संसोधन

गर्ने भनेर आएको विषयवस्तु पनि होइन । नियमावली यो मस्यौदा समितिले व्यापक छलफलका साथ ल्याएको विषयवस्तु हो ।

त्यसैले माननीयज्यूहरुलाई यो निवेदन गर्न चाहन्छु । सकारात्मक कुराहरुबाट सम्पूर्ण माननीयज्यूहरु आएका छन् म सभापतिको हैसिगतले मलाई जुन सहयोग गर्नुभयो। एउटा आलोपालो भनौं त्यत्रो संसोधनमा अरु माननीयज्यूहरु हुनुहुन्थ्यो । चौथो संसोधन समितिमा जुन मैल ६ महिना सभापति भएर यसलाई निर्णयमा पुग्न हाम्रो समिति सफल भयो । यसमा सम्पूर्ण माननीयज्यूहरुले सकृय सल्लाहका साथ, सकृय सुझावका साथ छलफलमा भाग लिएर सुझाव दिनुभयो म यसको समितिको सभापतिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु र जुन गर्नै पर्ने थियो र जुन संविधानले व्यवस्था गरेको संविधानको अनुसूची ३ मा भएको व्यवस्थालाई २ वर्ष अगाडि नै यो जुन हाम्रो यसरी नै कार्यान्वयनमा जानुपर्दथ्यो, यो २ वर्ष किन ढिला भयो भन्ने कुरामा पनि त्यो प्रश्न उठेको छ । त्यो स्वभाविकै हो, के गर्दा सुझाव लिदा ढिलो भएकै हो । म आफू सभापति भएर मेरो सभापतित्वमा ६ महिनामा प्रतिवेदन आएको छ र यसलाई मैले यहाँहरु सबैलाई फेरी धन्यवाद दिन चाहन्छु र लोगोको विषयमा पनि यो लोगो किन भएन यो वैधानिक भयो भन्ने कुरा आएको छ, नेपालको नक्सा सच्चिए पछि अब यसलाई सच्याउनु पर्ने थियो, निर्णय गरिसकेको छ २५ गते नियमावली संसोधन प्रतिवेदनमा पेश गरेको छ ।

आज यो गरीमामय सभाबाट पास हुन्छ र लोगो संविधान अनुरुप लोगो बन्नेछ भन्ने मलाई लाग्छ यही हप्ताभित्र लोगो प्राप्त हुन्छ भन्ने मेरो जानकारीमा आएको छ । यो हप्ताभित्र हामी नयाँ लोगो संवैधानिक व्यवस्था अनुसार सच्चिएको लोगो प्राप्त गर्न सक्नेछौं भन्दै मेरो भनाई राख्दै पुनः सकारात्मक सुझाव राख्दै मेरो भनाई अन्त्य गर्दै अनुमति चाहन्छु । धन्यवाद। जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीं समाप्त हुन्छ । माननीय सदस्यहरु, हामी यो नियमावली संसोधनको प्रस्ताव हामीले टेबुल गर्दैछौं अथवा यसलाई पास गर्दैछौं ।

मेरो अनुरोध के छ भने, अहिले सम्म यो नियमावली संसोधन गर्ने क्रममा अल्पमत वहुमत पनि भएको छैन र यो अहिले पनि यसलाई के गर्ने भन्ने विषयमा मलाई के लागेको छ भने, यो मताधिकारको विषयमा हाम्रो संविधानले जे व्यवस्था गरेको छ हाम्रो संविधान मातहत हाम्रो नियमावली ऐनहरु कनुनहरु हुन्छन् ।

त्यसकारण माननीय सदस्यहरुलाई हाम्रो संविधानको धारा १७९ को अनि त्यो तर भन्ने शब्द छ । त्यो धारा ७९ को म पढेर सुनाउँकि माननीयज्यूहरुले हेर्नु हुन्छ । अब त्यहाँ प्रष्टसँग मन्त्रीज्यूहरुलाई मताधिकार गरिएको छ । अब यो विषयमा माननीय सदस्यहरुले भिन्न मत छ भनेर जो भन्नुभएको छ। अब भिन्न मत त अरु विषयमा पनि हुन सक्थ्यो तर अब यो संविधानकै विषयमा कि संसोधन गर्नु पर्यो होइन भने यसलाई भिन्न मत भनेर यसलाई हुन्छ हुन्न भनेर यसलाई हुन्छ हुन्न भनेर लैजादा राम्रो हुन्छ भन्ने लाग्छ ।

अब अरुहरु विषयमा हुन सक्थ्यो, मैले एकचोट पढेर सुनाउन पर्छ भने माननीयज्यूहरुको सल्लाहले म पढेर सुनाउँछु । धारा १७९ को यो मन्त्री, राज्यमन्त्री, सहायक मन्त्रीको विषयमा त्यहाँ त्यो व्यवस्था गरेको छ । मताधिकारको विषयमा र म एकचोटी पढेर सुनाउनु माननीयज्यूहरुलाई र एक पटक फेरी भिन्न मत राख्ने माननीयज्यूहरुलाई सर्वसम्मत बनाउनको लागि विशेष पहल गर्न पनि म अनुरोध गर्दछु । मन्त्री, राज्यमन्त्री सहायक मन्त्री प्रदेश सभाको वैठकमा भाग लिन पाउने छन् तर प्रदेश सभाको मन्त्री, राज्यमन्त्री सहायक मन्त्रीले प्रदेश सभा र त्यसको समितिको वैठकमा त्यसको मतदान गर्न र भाग लिन पाउने छन् ।

प्रदेश सभामा रहेको मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीले वैठकमा उपस्थित र सभामा भाग लिन पाउने छन् र समितिको वैठकमा मतदान गर्न पाउने छैनन्, मन्त्रीले एउटा समितिमा मात्र मतदान गर्न पाउने छन्, अरु समिति गएर उसले मतदान गर्न पाउने अधिकार छैन । त्यसकारण यसमा माननीयज्यूहरुलाई मेरो अनुरोध छ, यसलाई धेरै अरुहरु विषय भएको भए बरु यसलाई सहमती र असहमती गराउनु पनि ठिक हुन्थ्यो

होला तर यो संविधान नै कायम गर्ने कुरा र यसलाई सहमति र असहमति गर्ने कुरा यसलाई वाहिर लाने कुरा, पास गर्ने कुरामा त्यस्तो नगरौं भन्ने जस्तो लाग्छ, मैले फेरी एकपटक पनि माननीज्यूहरुलाई केही कुरा राख्न अनुरोध गर्दै म अब यो प्रकृया अगाडि बढाउँछु ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, हामीले नियमावली संसोधन समितिमा धेरै नै छलफल गरेर, अब यो विषयमा सहमतीको लागि अनुरोध गरेको हु । म माननीय सभामुखलाई विनम्र अनुरोध के गर्न चाहन्छु भने नेकपा एमाले संसदीय दलको तर्फबाट धेरै विषयमा उदारतापूर्वक सहमति गर्ने कुरामै पहल हुन्छ, भइराखेको छ । तर हामीले यस सदनमा धेरै छलफल गरेर सहमत राखेका हौं । त्यसकारण माननीय सभामुखज्यूको भनाई अनुरोध हुँदाहुँदै पनि म यो फरक मत फिर्ता नहुने कुरा अनुरोध गर्न चाहन्छु।

**माननीय सभामुख**

अब यो प्रदेश सभाले संविधानको व्यवस्थालाई उल्टाउने गरेर यो मतदान गराउने कुरा त्यति उपयुक्त हुँदैन । त्यो अधिकार क्षेत्रभित्र पनि पर्दैन, त्यसकारण यसलाई सहमति मै गरौं भन्ने हो अब यसको मतदानको हिसावले यो अगाडि बढ्दैन भन्दै म प्रकृया अगाडि बढाउँछु । माननीय सदस्यहरु, अब म नियमावलीको संसोधनको नियम १ देखि ११ सम्म गण्डकी प्रदेश, प्रदेश सभाको नियमावली २०१९ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको वहुमत भएकोले नियमावलीको संसोधनको नियम १ देखि ११ सम्म वहुमतले गण्डकी प्रदेश, प्रदेश सभाको चौथो संसोधन नियमावलीको २०७९ ले अंग बनेको घोषण गर्दछु। अब नियमावलीको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

प्रस्तावना : गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ लाई संसोधन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा १८४ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश, प्रदेश सभाले देहायका नियमाहरु बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः यी नियमहरुको नाम गण्डकी प्रदेश, प्रदेशसभाको चौथो संसोधन नियमावली २०७९ को चौथो संसोधन नियमावली २०७९ रहेको छ । यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

माननीय सदस्यहरु, अब म नियमावलीको प्रस्तावना रे नाम गण्डकी प्रदेश, प्रदेश सभाको निमायमावली २०७९ को चौथो संसोधन नियमावलीको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको वहुमत भएकोले गण्डकी प्रदेश प्रदेशसभाको चौथो संसोधन नियमावली २०७४.को चौथो संसोधन नियमावली २०७९ को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेश, प्रदेश सभाको नियमावली २०७४ को चौथो संसोधन मस्यौदा समितिका सभापति माननीय श्री ओमकला गौतामलाई सो समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेश, प्रदेश सभाको नियमावली २०७४ को चौथो संसोधन नियमावली २०७९ पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय ओमकला गौतम**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७८ साल चैत्र २५ गते बसेको वैठकमा, प्रतिवेदन सहित प्रस्तुत भएको गण्डकी प्रदेश, प्रदेश सभाको चौथो संसोधन नियमावली २०७४ को चौथो संसोधन नियमावली २०७९ को मस्यौदा गण्डकी प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम पारित गरियोस् भनि सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको वहुमत भएकोले गण्डकी प्रदेश, प्रदेश सभा चौथो संसोधन नियमावली २०७४ वहुमतबाट पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब यो वैठक २०७९ साल साउन १३ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

# दशौं अधिवेशन

# (एकतिसौँ बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः २०७९।०४।१३ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर १० मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री धनमाया पोखरेल लामा, गोरखा ।

**माननीय धनमाया पोखरेल लामा**

माननीय सभामुख महोदय, मुल्य वृद्धि अनियन्त्रित ढंगले बृद्धि भएको छ । दैनिक उपभोग्य खाद्यान्न सामाग्रीहरुमा १ वर्ष भित्रमा ११८ प्रतिशत सम्मको वृद्धि भएको छ । जनताहरु मूल्य वृद्धिको अत्यन्तै मारमा परेको छ । त्यसैले मुल्य बृद्धि नियन्त्रण र बजार अनुगमनको निमित्त सम्बन्धित मन्त्रालय र गण्डकी प्रदेश सरकारलाई ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य मिन प्रसाद गुरुङ, स्याङ्जा ।

**माननीय मिन प्रसाद गुरुङ, स्याङ्जा**

सभामुख महोदय, स्याङ्जाको यो सदरमुकाममा रहेको मजुवा सहेले भू.पू. स्कूलर हस्पिटल जाने पुल छ । गत सरकारले त्यो टेण्डर निकाल्न अन्तिमरुप भैरहने बेलामा सरकारले त्यसलाई अलिकति अन्देखा वर्तमान सरकारले गरिरहेको स्थिति, अहिले मलाई लाग्छ त्यो हस्पिटल भनेको, प्रदेश सरकारले नै त्यहाँ करोडौं वजेट खर्च गरेर त्यसलाई व्यवस्थित गरिरहेको स्थितिमा कहिलेकाहीं मान्छेको जीवन पनि गइरहेको छ । मिनेटको कुरा होइन, सेकेण्डको पनि त्यो जीवन रक्षाको लागि हस्पिटल पुग्नको लागि ज्यादै महत्व रहँदो रहेछ । त्यो स्थितिमा मान्छे त्यो मुख्य सडक जुन सिद्धार्थ राजमार्गबाट गएर त्यो पुल हुँदै जाने हस्पिटल पुग्नको लागि मान्छे अहिले ओर्लेर जाँदा वरु चाँडो पुग्छ । सडक जुन खालले अहिले छ, त्यो पुल नहुनाले त्यो स्थिति भएको कारणले गर्दा डिपिआर भएर पनि अन्तिम अवस्थामा पुगिराखेको बेला किन रोकियो ? स्याङजाका २—२ जना मन्त्री हुनुहुन्छ, स्याङ्जाली संपूर्णलाई दुःखिरहेको बेलामा सायद यो सरकारलाई दुःख्दैन कि ? यो प्रति म सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य, राजीव पहारी, कास्की ।

**माननीय राजीव पहारी**

माननीय सभामुख महोदय, संघ सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरिसकेको ०७८ सालमै सम्पन्न हुनुपर्ने छोरेपाटन, फुस्रे खोला, रामदी, नुवाकोट, देउराली सम्मको बाटो जसमा ३२ करोड रकम छुट्टिएको छ र यो ०७८ सालभित्र सिद्धिनु पर्नेमा अझैसम्म पनि काम चाँहि राम्रोसँग सम्पन्न भएको छैन । यो के कति कारणले हुन सकेको छैन । ठेकदारको निर्माण व्यवसायीको लापरवाहीको कारणले हुन सकेको छैन कि ? अन्य के कारणले हुन सकेको छैन? सरकारले बजेट छुट्याइसक्यो, वजेट त्यहाँ चाहीं प्रत्येक वर्ष वहुवर्षिय योजना हो । त्यो वजेट निकासा भइरहेको छ, तर त्यहाँ काम नभएर जनताले अत्यन्त ठुलो दुःख, कष्ट,सास्ती व्यहोर्नुपरेको छ र धेरै मानविनि घटनाहरु पनि त्यो ठाउँमा भइरहेको छ ।

सबै निर्माण सामग्रीहरु लथालिंग अवस्थामा छन्। जनताले अत्यन्त कष्ट पाएका छन्। यो प्रति सरकारको म गंभीर रुपमा ध्यानआकृष्ट गराउन चाहन्छु । अर्को कुरा पोखरामा सवारीको चापको घनत्व व्यापक रुपमा बढ्दै गएको छ । पार्किगको अवस्था अस्तव्यस्त छ । तसर्थ प्रदेश सरकारले पोखरा महानगरपालिकसँग समन्वय गरेर, आवश्यक पार्किंग र ट्राफिकको उचित व्यवस्थापन, ट्राफिकको उचित व्यवस्थापन हुन नसकेको कारणले बाटाघाटाहरु खाल्डाखुल्डी छन् । पानी परिरहेको छ, यसले गर्दा धेरै एक्सिडेन्टका घटनाहरु पनि घटिरहेका छन् । अनि बिजुलीको पोलमा बच्चाबच्चीहरुले अन्यले छुँदा करेन्ट लागेर घटना हुने स्थिति पनि बनिरहेका छन् । तसर्थ, यो महानगरपालिकासँग समन्वय गरेर पार्कीङ र ट्राफिकको उचित व्यवस्थापन गर्नको निम्ति म सरकारको गम्भीरतापूर्वक ध्यान आकृष्ट गराउँछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य ललितकला गुरुङ, पर्वत ।

**माननीय ललितकला गुरुङ**

माननीय सभामुख महोदय, प्रदेश सरकारले गत साल आ.व. २०७८/७९ सालदेखि व्यवस्था गरेअनुरुप कोभिडका कारण मृत्यु हुनेका परिवारलाई प्रदान गर्ने भनेको ५० हजार रुपैयाँ आजसम्म त्यो पाइरहेको अवस्था छैन । यसको पनि प्रदेशमा कतिजनाले पाएहोलान् हालसम्म र यसको प्रोसेस के कस्तो हो र प्रोसेस गर्दा पनि पैसा पाइएन भन्ने आवाज आएको छ र यसलाई कसरी प्रदेश सरकारले हेरेको छ र यसको डाटा आजसम्म कतिजनाले प्राप्त गरे त्यो बुझ्न पाए हुन्थ्यो भन्ने आफ्नो भनाई राख्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, शून्य समयमा माननीय सदस्यहरुको बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री रोशन बहादुर गाहा थापा, समय १० मिनेट ।

**माननीय रोशन बहादुर गाहा थापा**

माननीय सभामुखज्यू, नवलपरासी वर्दघाट सुस्तापूर्व जिल्लामा गएको केही दिन यता अविरल वर्षाले नारायणी नदी, जयश्री खोला, बौलाहाखोला, झरैखोला, लोकाहा खोला, पत्थरखोला, केरुङ्गे खोला, अरुणखोला, विनयखोला, उल्टीखोला, ज्यामिरेखोला र बौदीकाली र बुलिङटार गाउँपालिकाको सिमानाबाट बग्ने नेरम्दी खोलामा पानीको वहाव बढेर किसानहरुको खेतीयोग्य जमिनहरु कटान गरेको छ र धेरै मात्रामा किसानले लगाएको धानबाली समेत सबै डुवान भएको छ, यसलाई तत्काल किसानको खेतीलाई र जमिनलाई बचाउ गर्नको निम्ति तटवन्धन, क्षतिपूर्ति र राहतको सरकारले व्यवस्था गरोस् ।

सभामुख महोदय, यसैगरी मानो रोपेर मुरी उब्जाउने किसानले यत्रो मिहिनेत र आफ्नो उत्पादनलाई बृद्धि गर्नको निम्ति खेती किसान गरिरहेको बेलामा सरकारसँग किसानले मलखाद मागिरहेको छ तर रातारात ट्रकका ट्रक खादमलहरु २ नम्वरी ठेकेदारहरुले विक्री गरिरहेको छ तर किसानले मल पाउन सकेको छैन । तर नवलपरासी जिल्ला भारतको यूपी र विहारसँग जोडिएको जिल्ला रहेको हुँदा किसान आफैले बोरामा नाम्लोबाट बोकेर साइकलमा ल्याएर रिक्सामा ल्याउने २—४ किलोसमेत बोर्डर भन्सारमा पुलिसले समात्ने काम गरेको छ । सभामुख महोदय ।

यसको अन्त्य हुनुपर्यो र जसले २ नम्वरी गरेर मलखादलाई उसले युरिया, डिएपी, पोटास मलको २ नम्बरी धन्दा गरेको छ । यसलाई कानुनी दायरामा ल्याओस् सभामुख महोदय । यसैगरी सभामुख महोदय, गत वर्ष हामीले निर्वाचन पूर्वाधार विकास र अन्य योजनाहरुको सन्दर्भमा कति योजनाहरु सम्पन्न भए, कति योजनाहरु काममै रहेको छ भने कतिपय योजनाहरु अब योजनामा गरिरहेकोमा अब बाँकी भुक्तानी गर्नु पर्ने, ठेकेदार र उपभोक्ता समितिले अझैसम्म त्यो भुक्तानी रकम पाएको छैन सभामुख महोदय । यसको तुरुन्तै भुक्तानीको निम्ति उपभोक्ता समिति र ठेकेदार समितिलाई यसको भुक्तानी दिनुपर्छ सभामुख महोदय । यसै गरी अहिले भर्खरै मात्र मैले एउटा सूचना पाएँ सभामुख महोदय ।मैले यही चालु वर्षकै अस्तिको वजेट छलफलमा पनि मैले भनेको थिएँ, कि विधिसंवत आएको योजना, प्रकृयासंवत आएको योजना सिफारिस सहित आएको योजना र जनताले माग गरेको योजनालाई छुटाउनु हुँदैन । तर टेलिफोनको आधारबाट आएको

योजना, गोजीबाट चीटको भरमा आएको योजना र डायरीमा लेखिएको टेलिफोनको भरको भरको योजनाहरु आज समावेश भएर प्रकृया र विधिसम्मतबाट आएका योजना छनोट नभएको कारणबाट आज राजनीतिक पूर्वाग्रही पक्षपात र विभेदकारी ढंगबाट आयो र सत्तासिन सभासद् माननीयज्यूहरुलाई ५—५ करोडको योजना दिने काम गरेको कारणबाटबाट ती स्थानमा योजना फरक भएको हुनाले अहिले मन्त्रालयबाट मन्त्रीले स्थान फरक भए सच्याउनकै लागि सूचना जारी गरेको छ सभामुख महोदय ।

सभामुख महोदय, नवलपुर जिल्लाको जिल्ला अस्पताल मध्यविन्दु जिल्ला अस्पतालमा जम्मा ११० जना करार र स्थायी कर्मचारी रहेकोमा अहिले स्वास्थ्य मन्त्रालयबाट सबै करारलाई हटाउने भनेर अस्ति भरखरै परिपत्र भएको छ । आज नवलपरासी जिल्लाको मध्यविन्दु जिल्ला अस्पतालमा कर्मचारी छैन, आज सेवाग्राही जनाताहरु सिटामोल र अन्य औषधि लिन आउँदा दरता चलानी गर्ने मान्छे समेत छैन सभामुख महोदय । आज मेनपावरको कमीबाट, कर्मचारीको कमीबाट जिल्ला अस्पताल चल्न सकेको छैन । कोरोनाको कुरा त छोडिदिनुहोस् । हिजो यही सभा हो, यही गण्डकी प्रदेश सभा हो, यही रोष्टम हो, हिजो कोरोनाको टेष्टका बारेमा स्वेत पत्र जारी गर्दै हामीले १ घर १ पिसिआरको बारेमा कुरा धेरै सुन्यौ । आज एक घर एक पिसिआर कहाँ गयो ? हिजोको स्वेतपत्र कहाँ गयो ? स्वेत पत्रलाई सभामुख महोदय अब पावरवाला चस्माले हेर्नोस् । यही रेकर्ड होला महोदय, रेकर्ड ल्याएर सुनाउनु पर्‍यो सभामुख महोदय ।

हिजो प्रतिपक्षको बेन्चमा बस्दा र आज सत्ता पक्षको बेन्चमा बस्दा भुल्ने । त्यसो भएको हुनाले सभामुख महोदय, यी सबै जिल्ला अस्पताल मध्यविन्दु नवलपरासीमा त अझै टेष्ट गर्ने दक्ष जनशक्ति पनि छैन । त्यसोभएको हुनाले त्यहाँ तुरुन्त पिसिआर वा अन्य कर्मचारीको व्यवस्था गरियोस् सभामुख महोदय। यसैगरी महंगीले आज दिनदिनालु श्रमजिवी सर्वहारा किसान र गरिखाने मेहेनेती जनताको आज ढाड सेकिएको छ सभामुख महोदय । सरकार कहाँ छ ? दैनिक उपभोगका वस्तुहरुकामुल्य बृछि भएर आज श्रमजीवि जनता मेहेनती जनता, आज गरिखाने किसानहरुले विहान खाएपछि बेलुका के खाउँ, बेलुका खाएपछि विहान के खाउँ भन्ने यो मूल्य वृद्धिले गर्दा यो अवस्था भइरहेको छ सभामुख महोदय । आज अन्य दैनिक उपभोग्य वस्तुमा मात्र होइन । आज ग्यासमा, इन्धनमा, खाद्यवस्तुमा र अन्य सवारी करमा समेत २० देखि २००

प्रतिशत सम्म मूल्य वृद्धि गरेर, आज हामीले भनेका छैनौं सामाजिक सञ्जालमा छ्याप्छ्यासी आएको छ ।

सत्तासीन माननीयज्यूहरु यहीं रोष्टमबाट बोलिरहनु भएको छ, रोदन गरिराख्नु भएको छ, तर हामीले सुनिराखेका छौ कि यो भ्रष्ट सरकार मुर्दावाद, मुख्यमन्त्री राजिनामा दे। मन्त्रीहरु होसियार, मूल्यवृद्धि फिर्ता गर, यति मात्र होइन मिलेनियम च्यालेन्ज करपोरेशन एमसिसी खारेज गर । यो हामीले भनेको होइन, सभामुख महोदय । यो सरकारकै कार्यकर्ताले, सरकारकै पक्षका मान्छेहरुले, सरकारकै भातृसंगठनका मान्छेहरुले आज कोड सभा गरेर आफ्नै झण्डा लिएर सरकारको विरोध गर्दै छन् सभामुख महोदय ।

आज अमेरिकन स्टेट पार्टनसीप प्रोग्राम एसपिपिको बारेमा क्याविनेटबाट निर्णय गरेर आजै सम्बन्धित निकायलाई पत्राचार गर्न सकेको छैन सभामुख महोदय । नागरिकता विधेयक आज ल्याएको छ, चाहे त्यो वंशजको कुरा होस् चाहे जन्मसिद्धको होस्, चाहे अंगिकृतको कुरा होस् । एउटा हातबाट सिन्दूर, एउटा हातबाट नागरिकता दिने, हिजो ३—३ दिनसम्म वहसको रह्यो । अहिले सम्बन्धित समितिमा पनि छलफल वहस नगरिकन हाउसमा एकैचोटी हुन्छ कि हुँदैन वहुमतको आधारबाट त्यसलाई पास गराइयो । हामी त नवलपुर जिल्ला नवलपरासी जिल्ला हामी यूपीमा हामी विहारको हामी इण्डियासँग जोडिएको जिल्ला सभामुख महोदय । हामीले त भनेका छौं, हामी त छिमेकी मित्र राष्ट्र पनि हो तर कानुन आफ्नो राज्यको कानुनले गर्नुपर्ने कुराहरु गर्नु पर्छ ।

अहिले पनि सम्बन्ध कायम छ, रोटी र बेटीको बारेमा अहिलेसम्म हामी कायमै छौं । हाम्रो परम्परा छ । हाम्रो रितिरिवाज छ । हाम्रो आफ्नै खालको संस्कार छ। तर कानुनले दिने कुरालाई यो सरकार किन यस्तो । आज कानुन हातमा लिएर आफैं सरकारले आफ्नै कानुन हातमा लिएर जबरजस्त ठंगबाट आज यो हिसाबबाट नागरिकता वितरण गरे पनि भोलि नेपाली मूलवासीहरु, नेपाली रैथानेहरु यहाँ बसोबास गर्ने नेपालीहरुको संख्या कति हुन् अब यसको २ दशकपछि त अब यहाँ आयतित गर्ने अंगिकृत नागरिकता लिनेको वृद्धि भएर हामी रैथानेहरु हामी शरण लिनुपर्ने हुन्छ सभामुख महोदय। त्यसोभएको हुनाले यो सरकार गैरजिम्मेवार ढंगबाट चलेको छ, यो सरकारजवाफदेही हुनुपर्यो । यो सरकार नैतिक ढंगबाट चल्नु पर्यो सभामुख महोदय।

अन्तमा, यूपी से आया मेरा दोस्त, विहार से आया मेरा दोस्त, इण्डिया से आया मेरा दोस्त, दोस्तको नागरिकता देदो और सलाम करो । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री आशा कोइराला, समय ७ मिनेट । त्यसपछि माननीय सदस्य श्री पियारी थापा ।

**माननीय आशा कोइराला**

माननीय सभामुख महोदय, तनहुँको दक्षिण—पश्चिम भेगको महत्वपूर्ण बाटो ढोरबाराही मोटर मार्ग तनहुँ र स्याङ्जाको अधिकांश ग्रामीण र विकट वस्तीहरु साथै लुम्विनी प्रदेशको पाल्पा समेत जोड्ने एउटा महत्वपूर्ण बाटो हो । अझै गण्डकी प्रदेश सरकारको निति अनुरुप पालिकाको केन्द्र जोड्ने सडक अन्तरगत स्याङ्जा जिल्लाको हरिनाश गाउँपालिकाको को केन्द्र जोड्ने सडकको रुपमा शुरु वर्ष देखि नै यसमा काम भइरहेको कुरा सरकारलाई जानकारी छँदैछ । यति महत्वपूर्ण र व्यस्त ढोरबाराही मार्गको प्रस्थान विन्दु दुलेगौंडा देखि साँफेसम्मको खण्ड करिव १२ कि.मि. खण्ड दुलेगौंडा साँफे खण्ड जिल्ला विकास समिति मार्फत आरआइडिपी भन्ने प्रोजेक्टले २०६८ सालमा ओटासिल गरी निर्माण कार्य सम्पन्न गरेको थियो । हाल यो बाटोको अवस्था क्षतिग्रत र अत्यन्त जोखिमपूर्ण पनि छ ।

२ वर्ष अगाडिआएको अविरल वर्षाको कारण ढोरबाराही मार्गको छेउ र कुना दुबैतिर पहिरो जाने र बिच भागमा धेरै ठूला ठूला खाल्टाहरु पर्ने गरेको कारणले बाटो अत्यन्त जोखिमपूर्ण रहेको छ । २ वर्ष अगाडि नै जतिबेला बाढि गएको थियो त्यतिवेला नै जिल्लास्थित विपत व्यवस्थापन समितिले अनुगमन गरेर, प्राविधिक कार्यालयले क्षतिको मूल्यांकन गरेर मर्मत सम्भारको लागि इस्टिमेट सहित मान्द्रेखोला थेजुङ खोला र जब्दी खोलामा मोटरेबल पुल निर्माण गर्नु पर्ने र बाटो मर्मतको लागि १ करोड ८६ लाख बराबरको लागत इस्टिमेट तयार गरिएको थियो र त्यो तयार गरेको इस्टिमेट विपत व्यवस्थापन समिति मार्फत् मुख्यमन्त्री कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र विपद् व्यवस्थापन हेर्ने त्यतिवेला तत्कालिन स्वास्थ्यमन्त्रीलाई हामीले बुझाएका थियौं । तर जति महत्वकासाथ त्यो निवेदन पेश गरियो त्यो महत्वसाथ सरकारले लिएन र

गत वर्ष ७ लाख रुपया बजेट विनियोजन भएको थियो त्यो ७ लाख वजेटले एउटा गौंडो उकास्ने काम सम्पन्न भएको छ र अरु पचासौं गौँडाहरु असाध्यै भयावह ढंगले जोखिमपूर्ण रुपमा रहिरहेको छ । यसर्थ, गण्डकी प्रदेश सरकारले यो मार्गलाई प्रदेशको रणनीतिक महत्वको सडकको रुपमा लिन र सोही अनुरुप निर्माण कार्य अगाडि बढाउन आवश्यक देखिन्छ ।

माननीय सभामुखज्यू, बाटोको सेवा क्षेत्र, उपभोक्ता, गाडिको चाप आदिको आधारमा बाटोको स्तर निर्धारण गर्नु पर्ने हो । त्यसैले आरआइडिपीले तत्कालीन समयमा गरेको करिब ४ मिटर चौडाइको ओटासिल अहिले अत्यन्त अव्यवहारिक भएको छ। साँघुरो पनि भएको छ । देनिक सयौं गाडीहरु चल्ने उक्त मार्गलाई २ लेनको बनाउन अत्यावश्यक भएको हुनाले यसै आ.व. मा डिपिआर गरी पुनःनिर्माण कार्य अगाडि बढाउनको लागि म सभामुखज्यू मार्फत प्रदेश सरकार र विशेष गरी सम्बन्धित मन्त्रालय र मन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापा, समय ५ मिनेट ।त्यसपछि माननीय सदस्य श्री ईन्द्रलाल सापकोटा ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, गण्डकी प्रदेशको आ.व. सुरु हुनासाथै विभिन्न आतंकहरुबाट एउटा आतंक सृजना  गरियो । कतिपय विषयहरु जबरजस्त ढंगबाट गरियो, कतिपय विषयहरु यो आतंककै रुपमा सृजित भइरेको छ । त्यो आतंककै रुपमा सृजित भइरहेको त्यो विषय के हो भने अहिले जुन करको विषय उठिरहेको छ, सवारीसाधन करमा अथवा त्यो जरिवानामा २०० प्रतिशत जरिवाना वृद्धि भन्ने कुरा आएको छ, यो अत्यन्तै दुःखद पक्ष हो, यो कर अहिले वास्तवमा भन्ने हो भने सत्तापक्षका माननीयज्यूहरु र प्रतिपक्षका माननीयज्यूहरुबाट पनि त्यो आवाज सुनिन्छ, यो कर बृद्धि भयो कर बृद्धि भयो यो करलाई हटाउनु पर्छ भनेर । हामीले विगत ५ वर्षदेखि यही रुपमा भनिराखेका छौं कि यही सदनबाट, यही रोष्टमबाट, हरेक ठाउँबाट हामीले भनिराखेका छौं, यति महंगो व्यवस्था ल्याइसकेपछि यो हुनु स्वभाविक थियो, फेरी यो स्वभाविक थियो भनेर हामीले

समर्थन गरेको कुरा होइन । किनभने जनतालाई मारेर, जनतालाई त्यो खालको कर वृद्धि गरेर जनतालाई करले अचटेर ज ुनखालको अहिलेको परिस्थिति सृजना भएको छ यो कर आतंक तुरुन्त बन्द गर्नुपर्छ त्यसैको लागि म विनम्र अनुरोध गर्न चाहन्छु ।

त्यो कर बन्द गरी यो आम नागरिकहरुलाई यो गण्डकीवासी जनताहरुलाई एउटा राहत दिने विषयमा आहात दिने भन्दा पनि राहत दिने विषयमा गण्डकी प्रदेश सरकार लागोस् भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु भनेर भन्न चाहन्छु । अर्को कुरा अहिले प्रतिनिधिसभा, राष्ट्रियसभाबाट पारित भएको जुन नागरिकता विधेयक छ । नागरिकता विधेयक अहिले यति धेरै खुकुलो प्रावधान सहित नागरिकता विधेयक पास भएको छ, यसलाई हामीले खारेज गर्नु पर्छ भन्ने हामीले माग राख्न चाहन्छु, यो सदनबाट यो विशेष समयमा माननीय सभामुख मार्फत केन्द्र सरकारको म के मा गराउन चाहन्छु भने, त्यो विधेयक खारेज गरियोस् जुन खुकुलो प्रावधान सहित त्यो विधेयक ल्याइएको, त्यो  पास गरिएको छ, कानुन बनाइएको त्यो तत्काल खारेज गर्नको निमित्त म अनुरोध गर्न चाहन्छु ।

नागरिकता जस्तो अत्यन्त संवेदनशील विषयमा देशको बागडोर सम्हालेका सासकहरुले असंवेदनशील कदमहरु आज अत्यन्त आलोचना र विरोधको विषय बनेको छ । हाम्रो राजनितिक भौगोलिक अवस्था कस्तो छ ? तीनतिर खुला सिमाना यत्तिकै त नागरिकता माथि दिन दहाडै दखल भइरहेको अवस्थामा फेरि खुकुलो प्रावधान जनमतकै आधारमा नागरिकता दिने प्रावधानले वास्तविक मूल नेपालीहरु अल्पमतमा पर्नेछन् सभामुख महोदय ।

त्यत्रो ठूलो जनसंख्य भएको देश भारत लगायत पश्चिमा देशहरुको नजर नेपाल माथि छ ।  देशको नागरिकता झन कसिलो हुनु पर्नेमा झन् झन् खुकुलो पारिएको छ । यस विषयमा यस देशका मूलबासी र रैथाने नेपालीहरुलाई अल्पमतमा पार्ने र आयातित न ागरिकहरुको वर्चश्व कायम हुनेगरी कानुन प्रतिनिधि सभाले पारित गरेको छ । यो नेपालका वास्तविक नेपालीहरु अल्पमतमा पर्ने विषय जग जाहेर छ । त्यसकारणले गर्दा देशको सर्वभौमिकता अखण्डता र राष्ट्रियतामाथि यो वा त्यो नाउँमा सौदावाजी गर्ने छुट कसैलाई पनि छैन । यो अहिले समानताका कुराहरु, राष्ट्रियता र समानता एकै चिज होइनन् सभामुख महोदय। राष्ट्रियता भनेको यो जगतसँग जोडिएको यो पुस्तासँग

जोडिएको छ पसिना सँग जोडिएको छ । रगत र पसिनासँग नजोडिएको त्यो खालको समानता अहिले आवश्यक छैन ।

सभामुख महोदय, त्यसकारणले गर्दा खेरी राष्ट्रियता माथि जुन खालको अहिले डकैत गरिएको छ त्यसलाई फेरि पनि यो सदनबाट यो विशेष समयबाट मैले केन्द्र सरकारको विशेष ध्यानाकर्षण गराउन चाहान्छु । त्यो नागरिकता विधेयक तत्काल खारेज गरियोस् र त्यसले गर्दा जुन आयातित नागरिकहरुले जुन खालको व्यवहार देखाएका थिए, हामीले चुच्चे नक्सा पारित गर्दा जुन खालको सरिता गिरीको उपस्थिति थियो । त्यो वाहुल्यता कायम गर्नका निमित्त यो नागरिकता विधेयक ल्याइएको त्यस्ता प्रकारका प्रावधानहरु हटाउनका निमित्त, र त्यो नागरिकता विधेयकलाई तत्काल खारेज गर्न फेरिपनि अनुरोध गर्दै मेरो भनाई यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटा, समय ८ मिनेट ।

**माननीय इन्द्रलाल सापकोटा**

सभामुख महोदय, यतिबेला कोभिड संक्रमणको जोखिम बढ्दो गतिमा छ । साविक धौलागिरी अञ्चल र वाग्लुङ सदरमुकाममा रहेको धौलागिरी हस्पिटल जसलाई हामी धेरै प्रचार गरिरहेका छौं प्रादेशिक हस्पिटल भनेर । वास्तवमा कानुनी हिसाबले सरकारले औपचारिक ढंगले प्रादेशिक हस्पिटल भनेर निर्णय गर्न सकिरहेको स्थिति छैन । फेरी पनि केन्द्र सरकार र प्रदेश सरकारको यो साविक धौलागिरीको अस्पताललाई २०० वेडको जेनेरल वेड हस्पटलमा स्तरउन्नति गर्ने भनेर नीतिगत ढंगले निर्णय भएको छ । तर आज हेर्दा यो हस्पिटलको हालतको बारेमा मैले थोरै सभामुख मार्फत् सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । म आज गण्डकी प्रदेशको सांसद भएको आज झण्डै अन्तिम सदनतिर छु । मैले यो सेसनको पहिलो रोष्टममा वाग्लुङ हस्पिटलको बारेमा आफ्नो विषय राखेको थिएँ ।

आज फेरि त्यही विषय राख्दैछु । पहिले त भौतिक पूर्वाधारको सन्दर्भमा नेपाल सरकारले २०६६ असार भित्र सम्पन्न हुने गरी ए व्लक, वी व्लक र सी व्लक गरी ३ वटा विल्डिङको काम त्यहाँ शुरु भएको हो । आज ए व्लक र वी व्लकको काम सम्पन्न

भएको । आज ०६६ असारमा सकिने प्रोजेक्ट अहिले ०७९ असार सकिदा सम्म पनि त्यो सी व्लक अझै पनि हस्तान्तरण हुन सकिरेहेको छैन, ठेकेदारको लापरवाहीले काम हुन सकिरहेको छैन । त्यसकारण पहिलो त मैले यो सी व्लकलाई यथाशिघ्र सम्पन्न गर्नको निम्ति सरकार मार्फत निर्माण व्यावसायीको ध्यान आकर्षण गरेर अविलम्व अगाडि बढोस् म यो अनुरोध गर्न चाहान्छु ।

दोस्रो कुरा हामीले १ घर १ पिसिआरको कुरा उठायौं, कोभिडले बीचमा केही मथ्थर पनि अनुभूति गरयौं । फेरि अस्ति मात्र वाग्लुङमा १५ जनाको कोभिड टेस्ट गर्दा १३ जनामा संक्रमण भेटिएको छ र वाग्लुङ कोभिडको अत्यन्तै प्रभावित जिल्ला भित्र ह्वात्तै अगाडि बढेको छ ।  जिल्ला प्रशासन कार्यालयले बैठक बसेर कुनै पनि सार्वजनिक ठुला खालका कार्यक्रमहरु नगर्नका निम्ति निर्देशन गरेको स्थिति छ । तर वाग्लुङमा हस्पिटलको हालत हेर्नु हुन्छ भने १६ जना कन्सल्टेन्ट डक्टरको ठाउँमा १ जना मात्रै छ, ६ जना मेडिकल अधिकृतको ठाउँमा एकजना पनि छैन । छात्रवृत्ति करारका डक्टरका सन्दर्भमा २० जनामा आवश्यक पर्ने ठाउँमा १६ जना र मेडिकल अधिकृत जम्मा ३ जना छ, जसको कारण आज धौलागिरी अस्पतालमा आज इमरजेन्सी सेवा लगायतका कामहरु अत्यन्त प्रभावित भएको अवस्था छ ।

कोभिड विरामीको उपचारमा अप्ठयारो परेको स्थिति छ । सँगसँगै यो कोभिड अन्तरगत २७ जना भन्दा बेसी मेनपावरको त्यहाँ विभिन्न तहको मेनपावरहरु व्यवस्थापन गरिएको छ । आज यही ०७९ असारदेखि सरकारले निर्णय गरेर २७ सै जना कटौती गरेको छ, जहाँ १५ मा १३ जना संक्रमितको अवस्था छ । दिन गनेर कोभिडका विरामीले अस्पताल भरिने स्थिति छ । ज्वरोको प्रकोप एकदमै बढ्ने गतिमा छ तर २७ जनाको कोभिडको दरवन्दी रहेकोमा ०७९ असार देखि १ जना पनि छैन, करार कटौती गरिएको स्थिति छ । सँगसँगै आइसियु, उपकरण राखेका छौं, आइसियुमा ४ जना तालिम प्राप्त नर्सको व्यवस्था गरेको थियो । उहाँहरु पनि आज त्यहाँ हुनुहुन्न । दरवन्दी छैन जसका कारण आइसियु चल्न सक्ने स्थिति छैन। फार्मेसी छ, १ जना पनि फार्मेसीको दरवन्दी  छैन । यो हालत वाग्लुङ धौलागिरी अस्पताल जसलाई हामी उप प्रादेशिक अस्पताल भनेर भन्ने गर्छौं । यहाँ स्वास्थ्य मन्त्री पनि हुन्छ उहाँ पनि पुग्नुभएको छ, सचिवज्यू पनि पुग्नु भएको छ । धेरै पटक हामीले यो हस्पिटलको

बारेमा आवाज पनि उठाएका छौं तर वास्तवमा तर वास्तवमा कोभिडको यत्रो संक्रमण हुँदा पनि हस्पिटलको स्थिति अत्यन्तै दयनीय हालतमा छ ।

त्यसकारण उपकरणसहित तुरुन्त दक्ष जनशक्तिको व्यवस्थापनका निम्ति म सरकारसँग जोडदार माग गर्न चाहन्छु र सँगसँगै कोभिडको सन्दर्भमा ल्यावलाई व्यवस्थापन गर्ने गरी जुन २७ जनालाई हटाइएको त्यसलाई पुनरवहाली गरेर उपचारमा सरकारको ध्यान जाओस् र सिटी स्क्यानको अघि भर्खरै सरकारले बजेटको विनियोजन गरेको छ, मैले धन्यवाद दिन चाहन्छु । तर सिटी स्याक्न संचालन गर्नका निम्ति मेनपावर अथवा दक्ष जनशक्ति व्यवस्थापनको पनि माग गर्न चाहन्छु । सँगसँगै सभामुख महोदय, म उर्जा तथा जलस्रोत सिँचाई मन्त्रीज्यूलाई म सभामुख मार्फत् वाग्लुंगमा १७ वटा सिँचाईका योजनाहरु ।

काम सम्पन्न भएको छ, डकुमेन्ट सिँचाईमा प्रस्तुत भएका छन् प्राविधिक मेन पावरका कारणले कार्यालयको लापरवाहीका कारणले सरकारको गैरजिम्मेवारपनका कारणले आज १७—१७ योजनाहरु उपभोक्ता समिति मार्फत भएर डकुमेन्टसहित कार्यालयमा आएको छ, तर बजेट प्राप्त गर्न सकिरहेका छैनन् । वास्तवमा यो विशेष समय मार्फत मैले ध्यानाकर्षण गराउन चाहेको कुरा के हो भने म योजनाको नाम पढ्न चाहन्न, फेरी पनि १ करोड ४५ लाख ५३ हजार भन्दा वेसी रकम आज उपभोक्ता समितिले पाइरहेका छैनन् । काम गरेका छन् सिमेन्ट लगेका छन् छड लगेका छन् ।

काम संपादन भएको छ तर १७ वटा योजना त्यो १७ वटा मध्ये पनि ७ वटा योजना यो वर्ष क्रमागत छन् । बाँकि योजना क्रमागत पनि छैनन् । त्यसकारण उपभोक्ता समिति जुन मारमा परेको छ, कार्यालय घेराउ गर्ने स्थिति छ । तुरुन्त गण्डकी प्रदेश सरकारको ध्यान जाओस् र जो किसानलाई उपभोक्ता समिति मार्फत जुन सिचाई कार्यालयले तटवन्ध र सिँचाईका कामहरु सम्पन्न गरेको छ, सम्पन्न गरेको कामको छिटो भन्दा छिटो भुक्तानी दिनका निम्ति म जोडदार माग गर्न चाहान्छु, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री

श्री मणिभद्र शर्मालाई विधायन समितिको प्रतिवेदन सहित गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७९ जेठ १२ गते प्रस्तुत भई मिति २०७९ जेठ ३१ गते विधायन समितिमा दफाबार छलफलका लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश नियमावली ०७४ को नियम १२१ को उपनियमको २(क) बमोजिम समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब  म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब विधायन समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेशमा पर्यटन म्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको दफावार छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ—आफ्नो भनाई राख्न अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री मनकुमारी गुरुङ।

**माननीय राजिव पहारी**

सभामुख महोदय, गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको बारेमा केही धारणाहरु राख्न चाहन्छु । नेपालको संविधानको अनुसूची ७ मा पर्यटन सम्बन्धी विषय संघ र प्रदेशको साझा अधिकारको सूची र पर्यटन शुल्क सम्बन्धी विषय अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेको छ । यो विधेयकको उद्देश्य र कारणमै गण्डकी प्रदेश भित्रका पर्यटन क्षेत्रको संरक्षण, संवर्द्धन प्रवर्द्धन र विकास मार्फत् आन्तरिक तथा वाह्य पर्यटकको सुविधा हित र प्रदेशको आर्थिक विकासका लागि आवश्यक वाञ्छनीय भएकोले यो मस्यौदा गरिएको भन्ने कुरा प्रष्ट रुपमा छ ।

तपाईं हामी सबैलाई थाहा छ, गण्डकी प्रदेश सरकारले, अघिल्लो सरकारले पनि गण्डकी प्रदेशको समृद्धिको पहिलो आधार पर्यटन हो भने क्वाइन गरेको थियो । गण्डकी प्रदेशमा आफैमा प्रकृतिक श्रोत साधन र सुन्दरताको हिसाबले अब्बल छ । धार्मिक, सांस्कृतिक र प्राकृतिक सुन्दरताको हिसावले प्रदेशमा धेरै महत्वपूर्ण स्थान र ठाउँहरु छन् । अझ प्रदेशको राजधानी पोखरा त प्राकृतिक छटाले परिपूर्ण विश्वकै उत्कृष्ट एउटा पर्यटकीय गन्तव्य स्थान हो, यहाँ धेरै चाहे सांस्कृतक हिसावले, चाहे प्राकृतिक हिसावले, नेचर, कल्चर, एडभान्चरमा एउटा अनुपम स्थल पनि हो पोखरा गण्डकी प्रदेश चाहिं । गण्डकी प्रदेशको समृद्धिको निम्ति आन्तरिक र वाह्य पर्यटकहरु आकर्षित गर्न यो प्रदेशलाई समृद्ध बनाउने उद्देश्यले जुन यो विधेयक ल्याएको छ सरकारले यो एउटा महत्वपूर्ण कुरा हो । स्वागत योग्य कुरा हो । अझ यो विधेयक अज पहिला ल्याउनु पर्थ्यो। यो विधेयक ल्याउन अलिकता ढिलाइ भएकव मैले महसुस गरेको छु। विधायन समितिको तर्फबाट हामीले पहिला सरोकारवालाहरु पर्यटन क्षेत्रका सरोकारवालाहरुसहितलाई बोलाएर माननीय मन्त्रीज्यू, सचिवज्यूकै उपस्थितिमा हामीले छलफल पनि चलाएका थियौं प्रदेश सभा सचिवालयमा र सरोकारवालाहरुले धेरै महत्वपूर्ण सुझावहरु दिनुभएको छ । मैले विश्वास लिएको छु यो विधेयकमा सबै उहाँहरुले दिएका सुझावहरुलाई पनि त्यो सुझावहरुलाई हृदयंगम गरिएको छ भन्ने मैले विश्वास लिएको छु र केही केही कुराहरु मैले यो विधेयकलाई सरसरती पढ्दा खेरी परिच्छेद १ को दफा २ को (क) मा अर्को स्थानमा भन्दा पछाडि पर्यटकको रुपमा भन्ने थप्नु पर्ने देखिएको छ ।

मैले समयको पावन्दीले दुबै पढ्न लागिन ।१ को दफा २ को (क) मा ।१ को दफा २ को दोस्रो लाइनमा सक्षम देखेमा भन्ने शब्द हटाउनु पर्ने जस्तो लाग्छ, परिच्छेद २ को दफा ३ मा । दफा ३ मा यहाँ उल्लेख के उल्लेख के छ भने उपदफा २ बमोजिम दरखास्त प्राप्त भए पछि तोकिएको निकायले आवश्यक जाँचबुझ गरी दरखास्तवालाई ट्राभल वा ट्रेकिङको काम गर्न सक्षम देखेमा कर्मचारीहरुले मात्र देखेमा भन्ने हुन्छ, यसमा तोकिएको दस्तुर लिई भन्दा यसलाई अलिकति ब्रोड सेन्समा गर्दा राम्रो हुन्छ कि भन्ने लाग्छ ।

परिच्छेद २ को दफा ७ मा यो परिवर्तित विदेशी मुद्रामा बिल भुक्तानी गर्नु पर्ने भन्नेमा अहिले त यो विल त विभिन्न माध्यममा भुक्तानी गरिन्छ, एटीमबाट गरिन्छ अरु अरुबाट पनि गरिन्छ । त्यसोभएर यसमा विभिन्न विद्युतीय माध्यम तथा एटिएमबाट भुक्तानी हुने जमाना आएको र कतिपय ट्राभल ट्रेकिङ एजेन्सीहरुले विदेशी मुद्रा कारोबारको इजाजत नलिइकन पनि व्यवसाय गर्न पाउने प्रावधान भएकोमा एउटा बस टिकेट पनि विदेशी मुद्रामा भुक्तानी लिन बाध्य पार्नु कति बान्छनीय हुन्छ, कति उपयुक्त हुन्छ तसर्थ यसमा चाहिं अलि ख्याल गर्नु पर्छ कि भन्ने लाग्छ ।

अर्को परिच्छेद २ को दफा ७ को २ उपदफा १ बमोजिम नेपाल भित्र वा विदेशमा आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैंकमा, राष्ट्र बैंक त छँदैछ । नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक वा वित्तिय संस्था मार्फत पनि गर्नुपर्नेछ भन्ने शब्द राख्दाखेरी अझै यो फराकिलो हुन्छ यसले समेट्छ भन्ने लाग्छ । ५ मा परिच्छेद २ को दफा ८ को २ को अन्त्यमा २१ दिन भनेर जुन भनेको छ २ को दफा ८ मा २१ दिन भनेको ठाउँमा २१ दिनको सट्टा ३५ दिन राख्दाखेरी उपयुक्त होला भन्ने मलाइ लाग्छ । अर्को यसमा परिच्छेद ३ को दफा ८ को २ को अन्त्यमा आन्तरिक तथा वाह्य पर्यटकलाई आवास तथा खानाको व्यवस्था गर्न यस दफा वमोजिम कुनै बाधा पर्ने छैन भन्ने कुरालाई उल्लेख गर्दा राम्रो होला । अर्को ७ को परिच्छेद ३ को दफा १३ को ४ मा थप गर्न वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ मा भएका व्यवस्थाका कारण तथा अन्तरनिकाय समन्वयको अभाव तथा अन्य कुनै प्रचलित कानुनको कारणले पर्यटन स्तरमा स्तरीकृत दर्ता नभएको तथा नविकरण हुन नसकेको होटललाई अस्थायी इजाजत पत्रको व्यवस्था

गरिने छ भन्ने कुरामा अस्थायी इजाजत पत्रको व्यवस्था गरिने छ भन्ने कुरा उल्लेख गर्दा उपयुक्त हुन्छ ।

अर्को परिच्छेद ७ को दफा ३२ मा थप गर्नुपर्ने यो परिच्छेद ७ को दफा ३२ मा थप गर्नु पर्ने, दफा ३२ मा अरुलाई काम  गर्न दिन नहुने भन्ने छ दफा ३ र ९ र २० बमोजिम पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय अरुलाई बन्धक दिन वा कसैलाई काम गर्न दिन वा अन्य व्यक्तिको नाममा रहेको व्यवसाय संचालन गर्न दिन हुने छैन भन्ने यसमा छ तर प्रचलित कानुन अनुसार करार गरी व्यवसाय भाडामा लगाउन वाधा पर्ने छैन भन्ने थप गर्दा उपयुक्त होला भन्ने छ, तर यस ऐन वमोजिम दर्ता वा इजाजत लिई संचालन गरेको पर्यटन व्यवसायले कुनै व्यङ्किङ  वित्तीय संस्थासँग कारोवार गर्न यस दफाले वाधा पुर्याएको  मानिने छैन भन्नेमा तर प्रचलित कानुन अनुसार करार गरी व्यवसाय भाडामा लगाउन वाधा पर्ने छैन भन्ने कुरा राख्दा उपयुक्त हुन्छ भन्ने लागेको छ ।

अर्को दफा ४० को ९ को  दफा ४० मा बचाउमा यो पछाडि यो ऐन जारी हुन पूर्व प्रचलित कानुन अन्तरगत ट्राभल तथा ट्रेकिङ उजेन्जी, पर्यटक स्तरमा होटेल, लज, रेष्टरेन्ट तथा रिजर्ट वा वार पथ प्रदर्शक वा पर्यटन व्यवसायीले पाएको इजाजत पत्रलाई प्रदेशभित्र समेत काम गर्न पाउने गरी अनुमति लिएको भएमा सो अनुमति पत्र यसै ऐन बमोजिम पाएको मानिने छ भन्ने ठाउँमा भएको मानिने छ भन्दा उपयुक्त हुन्छ भन्ने मलाइ लाग्छ ।

यो गण्डकी प्रदेशको पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको यो विधेयक, यो विधेयक आफैमा  महत्वपूर्ण नै छ र हामीले प्रदेशलाई समृद्ध बनाउने हो, विकसित बनाउने हो भने खासगरेर पर्यटन क्षेत्रको हरेक हिसावले महत्व रहन्छ । अहिले कोभिड—१९ र अन्य कारणहरुले गर्दा अहिले पर्यटन क्षेत्र अत्यन्त नाजुक अवस्थाबाट गुज्रिरहेको छ, संकटपूर्ण अवस्थबाट गुज्रिरहेको छ । हामीले मौद्रिक नीति वा अन्य तरिकाले पर्यटन क्षेत्रलाई पुरानै लयमा फर्काउन सक्छौं । त्यसमा प्रदेश सरकारको गंभिरतापूर्वक ध्यान जाओस, म ध्यानाकृष्ट गराउन चाहन्छु । हामीले वाह्य पर्यटक मात्र होइन आन्तरिक पर्यटकहरु पनि कसरी अभिवृद्धि गर्न सकिन्छ, गण्डकी प्रदेशमा कसरी ल्याउन सकिन्छ त्यो सन्दर्भमा पनि यो विधेयक पारित भैसकेपछि नियम कानुन बनिसकेपछि यसले

सघाउ पुर्याउने छ भन्ने मलाई लाग्छ । म यिनै भनाइहरु राख्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मनकुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री गायत्री गुरुङ ।

**माननीय मनकुमारी गुरुङ**

माननीय सभामुख महोदय, आज हामी यस गरीमामय सदनमा गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफलको क्रममा छौं । यसै क्रममा म पनि उपस्थित भएकी छु । यो विधेयक असाध्यै महत्वपूर्ण विधेयक हो गण्डकी प्रदेशको हकमा । गण्डकी प्रदेश र पर्यटन एकअर्काको परिपूरक भनेर पनि मानिन्छ, चिनिन्छि र यो पर्यटन भनेको हाम्रो गण्डकी प्रदेशको लागि एउटा मेरुदण्डको रुपमा रहेको छ । गण्डकी प्रदेश प्राकृतिक रुपमै हराभरा भएकौ हामीलाई प्रकृतिलेनै दिएको, त्यहाँ अमूल्य प्राकृतिक सम्पदाहरु गण्डकी प्रदेशभित्र रहेको हुनाले यो महत्वपूर्ण विधेयक ल्याउनलाई ढिलो भयो कि जस्तो लाग्छ किनभने यो विधेयक अलि चाँडो ल्याइदिएको भए अझ यो पर्यटन व्यवसायी, पर्यटक र पर्यटन मन्त्रालयको बिचको त्रिकोणात्मक सम्बन्ध अझ मजबुत भएर जाने थियो । गण्डकी प्रदेशको समृद्धिको लागि यो विधेयक असाध्यै महत्वपूर्ण छ । यो विधेयक हाम्रा विधायन समितिका विद्वान साथीहरुले, माननीय सदस्यज्यूहरुले एकदम घनिभूत रुपमा छलफल गरेर ल्याइसकेको यो १ देखि ४० दफासम्म रहेको यो मैले पनि सरसर्ती हेरें । यो जुन गण्डकी प्रदेशको लागि यो विधेयक महत्वपूर्ण दस्तावेजको रुपमा रहोस् भनेर पनि म शुभकामना दिन चाहन्छु । यो सबै दफाहरु मैले सरसर्ती हेरें मलाई असाध्यै लाग्यो र यहाँ धेरै कमेन्ट गर्नु पर्ने कुरा केही देखिएको छैन । यहाँ इजाजत पत्र लिनुपर्ने कुरादेखि लिएर जरिवाना, दण्ड, सजाय, पारदर्शिता, अनुगमन, परीक्षण कुरादेखि लिएर प्रहरी पर्यटक व्यवस्थासम्म सबै कुराहरु आएको छ । यो विधेयकलाई अझ मजबुत बनाउनको लागि मलाई के लाग्छ भने अझ यो विधेयकमा मैले सरसर्ती पढ्दैगर्दाखेरी यो परिच्छेद ३ को दफा १० मा स्तर निर्धारण समिति भनेर जहाँ छ त्यसमा यो समिति गठन गर्दैंगर्दाखेरी म

एउटा महिलाको नाताले मलाई के लाग्छ भने,महिला पनि यो विषयमा अझ सक्षम होस्, दक्ष होस् र हामीले कतिपय महिलाहरुलाई हरेक समितिमा समावेश गर्नुपर्छ भनेर सानो उपभोक्ता समितिबाट राज्यको प्रमुख निकायसम्म पनि हामीले महिला यति प्रतिशत हुन्छ भनेर कुरा उठाइराखेको ठाउँमा संविधानबाट नै हामीले अधिकारप्राप्त गरिसकेको ठाउँमा हुनाले मलाई के लाग्छ भने यसमा समिति गठन गर्दा ५ सदस्यिय छ, यसमा २ जना थपेर ७ बनाउँदा र २ जना महिला अनिवार्य भनेर बनाउँदाखेरी राम्रो हुन्थ्यो, त्यसमा महिलाको सहभागिता पनि देखिन्थ्यो जस्तो लाग्छ ।

यो परिच्छेद ७ को २९ दफामा र उपदफा २ को लाष्टमा के छ भने राष्ट्रिय विभूति भन्ने छ र कुनै कुनै ठाउँमा भ्रम सृजना हुनेगरी नाम वा संकेत चिन्ह राख्न नहुने भनेर जुन यो २९ दफामा छ र यसलाई उपदफा २ मा राष्ट्रिय विभूति भन्ने कुनै कुनै ठाउँमा हामीले त्यो भ्रम सृजना हुने भन्दै गर्दाखेरी कतिपय मान्छेले आफ्नो नाम राख्दै गर्दा, कुनै रिसोर्ट खोल्दै गर्दा आफ्नो नामसँग म्याच गरेर राख्ने गर्दा र आफ्नो नाम के गर्छ भने अहिले कतिपय नामहरु राष्ट्रिय विभूतिसँग जुधाएर त्यस्तो नाम राखेमा के के न हुन्छ भनेर आजभोलि जन्मिदा नै त्यस्तो नामहरु राख्ने पनि आइरहेको अवस्था छ । त्यही भएर कहिले कहिले यसमा जुधिन पुग्छ, राष्टिय विभूतिहरुसँग हाम्रो नाम नै जुध्छ । नामैबाट मान्छेले व्यवसाय खोल्दै गर्दा यसलाई के गर्ने ? यसलाई अलिकति यो राष्टिय विभूति भन्दा धेरै कुरामा यो नाम नै जुध्छ यसमा म क्लीयर हुन चाहैं । त्यस्तै यही परिच्छेद ७ कै ३२ दफामा अरुलाई काम गर्न दिन नहुने भन्ने छ जुन यसमा मलाई के लाग्छ भने, अरुलाई काम गर्न दिन नहुने भन्नु भन्दा पनि कुनै कुनै पैसावालाहरुसँग प्रशस्त पैसा छ र कुनैसँग सीप छ भने उसले आफ्नो सीपमा सम्बन्धिमा पर्यटन सम्बन्धि वा जतिपनि यो ट्राभल एजेन्सी अनि यो होटल व्यवसाय, रिसोर्ट आदि सबै खुलाउनको लागि त्यो सम्बन्धी ऊसँग ज्ञान छ, सीप छ तर लगानी गर्ने नभएर कसैले लगानी गरेर विशेष कागजपत्रहरु मिलाएर विशेष प्रावधान मिलाएर चलाउँछु भन्ने भयो भने चलाउन दिनु पर्छ जस्तो मलाई लाग्छ । सबैसँग पर्याप्त लगानी हुँदैन, कसंले लगानी गर्छ भने कसैको दक्षता आँफु व्यवसायमा सक्षम छ भने त्यसमा काम गर्न पाउनु पर्छ भन्ने मेरो मान्यता हो त्यही कारण त्यसमा यो भित्र केही विशेष व्यवस्थाहरु केही कुराले बाँधिएर काम गर्न पाउनुपर्छ भन्ने मेरो मान्यता हो ।

यो सबै १ देखि ४० सै बुँदाहरु एकदमै राम्रो छ्र, किनभने हामीले पर्यटकहरुलाई संरक्षण गर्नुपर्छ । यहाँ प्रहरीसँग मन्त्रालयले समन्वय गरेर जुन यहाँ पर्यटन प्रहरी भनेको छ, एकदमै राम्रो लाग्यो मलाइ । किनभने पर्यटकहरुले एकदमै आफ्नो सुरक्षाको लागि एकदमै आशा गरेको हुन्छ र हामीले हाम्रो देशमा आइसकेपछि दिनुपर्ने पनि हुन्छ र त्यही कारणले यो एकदमै राम्रो छ । यसमा कतिपय नियम उल्लघंन गरेर काम गर्दा जरिवानाको कुरा छ, नियमनको कुरा छ, पारदर्शीताको कुरा छ र स्तरमापन निर्धारण, वर्गिकरणको कुरा छ किनभने हामीले वर्गिकरण गरेनौं भने भोलि पर्यटकहरु आउँदै गर्दा हामीले त्यहाँ सही सेवा सुविधा दिन नसक्ने हुन्छ, किनभने प्रदेशकै वदनाम वा त्यो ठाउँकै वदनाम हुन सक्छ । धेरै बाह्य पर्यटकहरु आउँने क्रममा पनि वाधा पर्छ, हामीलाई घाटा हुन्छ ।

यो विषयहरु एकदमै राम्रो हो। इजाजत पत्र लिनु पर्ने भन्ने कुरामा बजारमा सबैले लिएर संचालन गरिराखेको अवस्था छ । गाउँमा कतिपय गाउँ त्यस्तो दुर्गम पनि हुन्छ, त्यहाँ पैदल पर्यटकहरु जाँदैगर्दाखेरी, त्यहाँ उनीहरुले एकदमै अर्गानिक ठाउँ त्यस्तोमा त्यो व्यवसायको रुपमा नै कतिपय हामी माथि लेकतिर जाँदा पनि त्यस्तो देखिराखेका छौं, पैसा लिने, अर्गानिक चिजहरु खुवाउने, तर त्यो व्यवसायको रुपमा नचलाउने त्यस्तो ठाउँमा बस्दै गर्दा पर्यटकलाई भोलि केही भयो भने पनि त्यो जिम्मेवारी को लिने ? त्यसको लागि पनि दूरदरासम्म पनि अनुगमन, निरीक्षण गरेर त्यस्तो ठाउँहरु पनि छ । कतिपय दर्ता नगरीकन पनि चलाईरहेको परम्परा छ त्यही भएर यो इजाजत लिने भन्ने कुरा पनि एकदम ठिक हो ।

त्यो विषयमा पनि त्यस्तो ठाउँमा पुग्न नसकिने ठाउँमा प सचेत गराउनको लागि अनुगमन निरिक्षण होस् र यसमा छ मलाई राम्रो लागेको छ । सबैकुराहरु आइसकेको हुनाले मलाई म यो १ देखि ४० सै बुँदासम्म एकदमै राम्रो छ र मैले ३ वटा बुँदामा केही सुझाव दिएँ जुन महिला राख्नुपर्ने मा १० नं. दफामा र २९ र ३२ मा । त्यो चाहिँ सुधारियोस् र सुधारिएर आवस् भन्न चाहन्छु । कतिपय कुराहरुमा सबैकुरा राम्रो भन्दा पनि सानो कुरामा अड्किएर बसेको हुन्छ त्यही भएर सबैतिर म महिला एउटा भएको नाताले यो नजर पुगोस् भन्न चाहन्छु । यो विधेयक पर्यटन सम्बन्धमा विधेयक

यो गण्डकी प्रदेशमा आवश्यक थियो ल्याइयो, एकदम राम्रो छ यसको समर्थन गर्दै विदा हुन्छु । हस् धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री गायत्री गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय गायत्री गुरुङ**

माननीय सभामुखज्यू, आज हामी गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको बारेमा यो दफावार छलफलमा भाग लिइरहेका छौं । धेरै माननीयज्यूहरुले आफ्नो विषयवस्तुहरु राखेर गइसक्नुभएको छ । खासमा हामी गण्डकी प्रदेशका माननीयज्यूहरु आफैलाई भाग्यमानी ठान्छौं । तपाई कुन प्रदेशको भन्दा गण्डकीको, तपाईंको राजधानी कहाँ छ भन्दा पोखरा ।

पोखरा आफैंमा पर्यटकीय राजधानी हो । हाम्रो प्रदेश आफैंमा एउटा पर्यटकीय प्रदेश भएको कारणले पनि पोखरा असाध्यै राम्रो छ भनेर अरुले भनिरहँदा पनि आफ्नो यो प्रदेशको एउटा माननीय भएको हिसावले हामीले आँफुलाई गर्भ गरिरहन्छौं । त्यो हिसावले गण्डकी प्रदेशका जनताले पनि त्यो गर्व गरेको मैले महसुस पाउँछु । खासगरी, हाम्रो प्रदेशमा ११ वटा जिल्लामा हामी जता गएपनि हामी पर्यटन ल्याउन सक्ने खालको जिल्लाहरु छ । चाहे तपाइँ मुस्ताङ जानुस्, चाहे म्याग्दी जानुस्, वाग्लुङ जानुस्, पर्वत जानुस्, स्याङ्जा हुँदै नवलपुरबाट गोरखा, यसरी लमजुङ, मनाङ, तनहुँ, कास्की सम्म आउँदा मलाई लाग्छ, जताततै जुन ठाउँ हेरेपनि राम्रो पर्यटकीय गन्तव्यहरु धेरै छन् । अझै पनि हामीले पर्यटकीय गन्तव्य धेरै बनाउने ठाउँहरु हामीले पाउछौं । त्यसले गर्दा हामीले धेरै पर्यटकहरु यस क्षेत्रमा आएको पनि देख्छौं । हामीले कलाकारलाई सोध्नोस् तपाईंलाई घुम्न कुन ठाउँ मन पर्छ भन्दा पोखरा भन्छन् । चाहे राजनीतिकर्मी भन्नुस्, संघीय समितिका माननीयज्यूहरु पनि यही क्षेत्रलाई रोज्नुहुन्छ छलफलको विषय बनाउनलाई ।

सामाजिक अभियन्ताहरु पनि यही क्षेत्रलाई बनाउनुहुन्छ कि हाम्रो यो पर्यटकीय क्षेत्र हो त्यसैले आन्तरिक पर्यटक होस् वा वाह्य पर्यटक सबैको आकर्षणको केन्द्र मैले यो क्षेत्र नै देखेको पाउँछु र हामीले गर्व गर्ने विषय पनि छ । हामी विधेयकको बारेमा

छलफल गरिरहँदाखेरी प्रदेश सकारले एउटा उद्देश्य लिएर अगाडि बढिरहेको छ । हुन त हाम्रो कार्यकाल अब धेरै छैन, हामी संस्थापक हौं, त्यसमा गर्भ गर्ने हो र भोलि भलै हामी कुन माननीय आउला, कुन नआउला हैन कसैले दोहोरिएला कोही नआउला तर पनि हामीले गण्डकी प्रदेश सरकारले राखेको एउटा उद्देश्य के थियो भन्दाखेरी यो प्रदेशलाई एउटा समृद्ध बनाउने, त्यसिछि यस प्रदेशका जनतालाई एउटा सुखी जनता बनाउने उद्देश्यका साथ  गण्डकी प्रदेश अगाडि बढिराखेको अवस्थामा, यो गण्डकी प्रदेशको एउटा आधार भनेर पर्यटन क्षेत्रलाई पनि लिएको हामीले देखेका थियौं ।

त्यो नीति सरकारले लिएको  थियो । यसलाई प्राथमिकतामा राखेर नै एउटा पर्यटकलाई प्राथमिकतामा राखेर नै यो एउटा समृद्धको एउटा आधार हो भनेर  गण्डकी प्रदेश सरकारले यसलाई अगाडि बढाइराखेको थियो । मलाई लाग्छ, यो गण्डकी प्रदेश सरकार एउटा अभिभावक  पनि हो । गण्डकी प्रदेशका जनताको एउटा अभिभावक पनि हो ।  त्यसले गर्दा यो सन्दर्भमा मलाई के लाग्छ भन्दा पर्यटकलाई यो प्राथमिकतामा राखिसकेपछि यस प्रदेश  भित्र रहेका संरक्षण, सम्वर्द्धन प्रवर्द्धन र विकास मार्फत् आन्तरिक तथा वाह्य पर्यटकको सुविधा हित र प्रदेशको आर्थिक विकासको लागि यो ऐन बनाउन जरुरी थियो र यो आएको   छ । निकै महत्वपूर्ण मान्छु र यो ऐनलाई सरसरती हेर्दाखेरी यो १ देखि १२ बुँदामा छ र ४० पेजको हामीले देख्यौं । यो संक्षिप्त नाम देखि लिएर परिभाषा इजाजतपत्र लिनुपर्ने देखिका ट्राभल ट्रेकिङ एजेन्सीको वर्गिकरण देखि लिएर यो मूल्यसूची प्रकाशनको कुराहरु निरीक्षण, परीक्षण तथा अनुगमन, पर्यटनको वर्गिकरण, जरिवाना, पर्यटकीय प्रहरी सम्बन्धि व्यवस्था होमस्टे वोर्ड गठन, निर्देशन देखि लिएर  नियम  बनाउने कुरासम्म हेर्दा खेरी यो विधेयक असाध्यै राम्रो छ ।

सरकारले असाध्य मेहेनत गरेर यो विधेयक ल्याएको मैले पाएको छु, त्यसले गर्दा हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र संसदिय दल यसलाई समर्थन गरेको कुरा म यहाँ माननीय सभामुख मार्फत जानकारी गराउन चाहन्छु । खासगरी अलिकति मैले सुझाव दिँदाखेरी हामीले समृद्ध प्रदेश बनाउँछौं, यहाँको  जनतालाई सुखी बनाउँछौं त्यसको एउटा आधार पर्यटन हो । पर्यटन क्षेत्र हो भनेर प्रदेश सरकारले आफ्नो नीतिमा राखिरहँदा यो विधेयक अत्यन्त ढिलो भयो,  यो विधेयक शुरुमै आउनु पर्थ्यो ।

यो असाध्यै ढिलो भयो त्यसले गर्दा अहिले हामीले यहाँ ढिलो भयो भनेर त ढिलो भइहाल्यो । तैपनि आगामी दिनमा सच्याएर जाँदा, अरु विधेयकहरु पनि आउँदाखेरी हुन त यो प्रदेश सभा त्यतिकै जाने त होइन यो पछि पनि अरु माननीय पनि आउनुहुन्छ हुन्छ । त्यसलाई सपोर्ट त होला तैपनि विधेयक बनाउदाखेरी यी कुराहरुलाई हामीले ख्याल गर्नु पर्छ होला जस्तो लाग्छ । अर्को कुरा अघि पनि माननीयज्यूले भनिसक्नु भयो, यो स्तर निर्धारण समिति जो बनाउन खोजिराखेका छौं यो हामीले समावेसी समानुपातिक समावेशीका कुराहरुलाई पनि हामीले हरेक क्षेत्रमा राख्नु पर्छ जस्तो मलाई लाग्छ । किनभने सायद मलाइ लाग्छ संविधानमा हामीले ३३ प्रतिशत भनेर नराखिएको भए महिला आउथे कि आउथेनन् यतिका धेरै भन्ने पनि कोइसनहरु खडा भैराखेको छ ।

बाध्यकारी कानुन नबनाएसम्म महिलाहरु माथि नजाने स्थिति अझै पनि छ । त्यसले गर्दाखेरी यी समितिहरु बनाउँदाखेरी भोली कार्यविधिमा केहोला तर ऐनमा त्यही हिसाबले आयो भने मलाइ लाग्छ त्यो धेरै राम्रो हुन्छ र यो समानुपातिक समावेसीका कुराहरुलाई ख्याल गरेर अगाडि बढ्नु पर्छ होला जस्तो मलाई लाग्छ । जनताको बीचमा हामी गैराखेका छौं । हामी सबै जान्छौं, जनताको बीचमा जाँदा हामीले के पाउँछौ भन्दा धनीलाई चैन, गरीवलाई ऐन भन्ने जस्तो कुराहरु सुन्छौं । यो विधेयक पास भइसकेपछि पक्कै पनि यो स्थिति आउने छैन । मैले यो अपेक्षा राखेको छु र माननीयज्यूलाई निकै मेहेनतका साथ यो विधेयक ल्याउनु भएकोमा हृदयदेखि नै हाम्रो पार्टीको तर्फबाट पनि यो विधेयकको पक्षमा हाम्रो समर्थन रहेको भन्दै मेरो आफ्नो भनाई यहीं अन्त गर्दछु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणिभद्र शर्मालाई सदनमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, विद्धान माननीयज्यूहरुले गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका बारेमा महत्वपूर्ण सुझावहरु राख्नुभएको छ । विधायन

समितिले १४ वटा बुँदामा आफ्ना रायहरु सुधार गर्नु पर्ने भनी पठाएका विषयवस्तुलाई समेत सम्मान गर्दै, समेट्दै अहिले यहाँ मुख्यत २ वटा कुराहरु, स्तर निर्धारण समिति समावेशीताको जुन प्रश्न माननीयज्यूहरुले राख्नुभयो, अहिले हाम्रो समितिहरु बन्दाखेरी खर्चका हिसावले कम भन्दा कम खर्चिलो बनोस् भनेर धेरैजसो पदेन राख्ने नियम बनेका हुनाले अब ठ्याक्कै त्यो संख्या तोक्न नसकिए पनि यसलाई कार्यान्वयन गर्दा त्यहाँ ध्यान दिइनेछ र नियमावली बनाउँदा यसलाई अझ प्रट्याएर पनि लगिने छ म त्यो अनुराध गर्न चाहन्छु । तर यो भ्रम सृजना गर्ने नामको बारेमा विधायन समितिमा पनि हामीले अलिकति यसलाई गम्भीर छलफल गरेका थियौं ।

त्यहाँ २ वटा क्लज छ त्यसमा, त्यो दफामा १ क्लज उस्तै नामहरु राखेर त्यो नदोहोरिउन भन्ने क्लज छ र अर्को चाँहि विभूतिहरुका नामहरु, पवित्र तीर्थस्थलका नामहरु राखेर त्यसको नेगेटिभ सेन्स नआउने किसिमको रहोस् भन्ने छ । उदाहरणका लागि यहाँहरुलाई अलिकति प्रस्टयाउन कोसिस गर्छु । गौतमबुद्ध मासु पसल भनेर पनि भन्यो भने नेगेटिभ सेन्स आउँछ । त्यसलाई सहज रुपमा मानिसले जाति मान्दैन किनभने बुद्ध भगवानसँग त्यो भाव आयो भने पक्कै पनि नेगेटिभ हुन्छ त्यसको सेन्स । त्यस्तो भावना नआओस भन्ने मनसायका साथ यसलाई राखिएको, शब्द शब्दमा यहाँ व्याख्या गरिएको छैन, मैले एउटा उदाहरणको लागि भने। बेला मौकामा कैयौं नामहरुमा अस्ति मैले पनि यहाँ ठ्याक्कै याद त भएन, बुद्ध धर्मावलम्वीहरुले एउटा नामको बारेमा सरकारको ध्यानाकर्षण गराएको छ । यो सच्याइनु पर्छ भनेर, अन्यत्र पनि त्यस्ता मुस्लिमहरुमा पनि त्यस्ता नाम बाझियो अथवा भाव आयो भने सरकारको ध्यान आकर्षण गराउने गर्छन्, त्यस्तो नहोस् भनी यो क्लजलाई त्यहाँ राखिएको छ ।

त्यसमा २ वटा वाक्यांस छन् । एउटा अरुका नामसित उस्तै उस्तै अर्थ लाग्ने किसिमले आयो भने द्वन्द नहोस् भन्ने छ । अर्को विभूतिहरुका नामहरु सँग पनि त्यस्तो भ्रम नआओस् भन्नेका मनसायका साथ व्याख्या गरिएको छ त्यसमा । यसलाई मैले ट्टयव ढंगले बुझिदिन अनुरोध गर्दछु । अरुलाई काम गर्न नदिने भन्दा वेवारिसे नहोस् भन्नाका लागि यो गरिएको हो । कसैले एउटा फर्म दर्ता गर्यो अनि कसैलाई काम गर भनेर छोडेर गयो, लिखितम केही छैन, अनुमति पनि लिइएको छैन अनि त्यहाँ कर उठाउन जाँदा अथवा अपडेट गर्न जानुपर्दा, घटना घटेभन्दा को जवाफदेही हुन्छ भन्ने

समस्या नआओस् भन्नका लागि यो व्यवस्था गरिएको छ । यिनै महत्वपूर्ण सुझावहरु यहाँहरुबाट प्राप्त भएर यो विधेयकले निश्चय पनि हाम्रो गण्डकी प्रदेशको पर्यटनका माध्यमबाट हामीले यो प्रदेशलाई सम्पन्न बनाउनका लागि समृद्ध बनाउनका लागि रोजगार बढाउनका लागि अलि व्यवस्थित होस् भन्नाका लागि यो विधेयक आएको छ र विधेयक आफैमा मलाई लाग्छ यो पूर्ण छ पूर्ण रहोस् भन्ने हामीले राखेका छौं तैपनि कहीँ न कहीँबाट केही न केही कुराहरु आउने हुन्छन् । यसलाई पहिला प्रयोगमा ल्याएर हामी केही वर्ष हेरौं ।

अनि त्यसपछि फेरी संसोधन गर्न परेछ भने हामी त्यो ढंगले पनि जान सकिने भयो । तर जहाँसम्म अहिले हामीले एउटा लिपबद्ध गरेका छौं, धेरै कुराहरुलाई समेटेका छौं। सरोकारवालाहरुसँग पटक पटक धेरैवटा छलफल गर।का छौं । यो कुरा पनि हामीलाई व्यवसायीहरुले माग गरेर हामीले यहाँ समावेश गरिएको हो । अर्को एउटा महत्वपूर्ण कुरा विद्वान माननीयज्यूहरुले राख्नुभयो, यो राष्ट्रबैंकसँग अनुमति लिएर विदेशी मुद्रामा नै कारोबार हुनुपर्छ पर्यटकहरुबाट भन्ने कुरा यो संघीय कानुनसँग नबाझियोस् भन्नाका लागि यो बाध्यात्मक रुपमा हाम्रो विधेयकमा पनि राखिएको छ ।यसमा पनि हामी वहुत छलफल गरेका हौं। बैंकवालाहरुसँग पनि छलफल गर्यौं, व्यवसायिकवालाहरुसँग पनि छलफल गर्यौं तर अब हाम्रा विधेयकहरु संघीय विधेयकसँग नबाझिने, बाझिन नहुने हाम्रा वाध्यात्मक परिस्थितिले यो हामीले यहाँ राख्न बाध्य भएको हो । यिनै कुराहरु राख्दै यसलाई विधायन समितिले सर्वसम्मत रुपम पठाएको यहाँहरुका पनि महत्वपूर्ण सुझावहरुलाई मध्यनजर गरिएको अवस्थामा यसलाई सर्वसम्मत रुपमै पास गरिदिनु हुन्छ भन्ने अनुरोध गर्दै यस बारेमा मेरो धारणा यहीं अन्त्य गर्दछु । साथसाथै माननीय सभामुख महोदय, पर्यटन उद्योग वाणिज्य आपूर्ति मन्त्रालयसँग संवद्ध केही प्रश्नहरु यो सदन चलिरहेको अवस्थामा यहाँ आएका हुनाले म त्यो कुराहरुलाई पनि छोटो रुपमा प्रष्ट पार्न अनुमति माग्दछु ।

मुख्यतः पर्यटन मन्त्रालयको आपूर्तिसँग जोडिएको एउटा शाखा छ, हामीले ६ लाख जरिवाना गर्यौं यो बिचमा, मानिसहरुले गडवड नगरुन् भनेर यतिधेरै अनुगमन गरिएको छ, प्रत्येक घरेलुका जिल्लका ११ वटै जिल्लाका घरेलु शाखाहरुले नगरपालिका र सदरमुकामका पालिकाहरुका सरकारहरुसँग मिलेर अनुगमन गर्नु भएको छ । सिडियो

कार्यालयमा त्यहाँको सहायक सिडियोको संयोजकत्वमा एउटा कमिटि छ अनुगमन गर्ने त्यो कमिटीसँग पनि मिलेर पनि अनुगमन गरिएको छ । यो गर्दागर्दै पनि मूल्य वृद्धि यहाँहरुले भनेजस्तै ठूलो प्रतिशत त होइन पक्कै पनि ८ देखि १० प्रतिशत एभरेजमा यहाँ मूल्य वृद्धि भएको छ यो हाम्रो वाध्यता भनौं या हाम्रो गण्डकी प्रदेश कुनै पनि विषयमा हामी आत्मनिर्भर रहेनछौं । एउटा पनि विषयमा हामी आत्मनिर्भर रहेनछौं ।

न मासुमा, दुधमा, न फलफूलमा, न तरकारीमा, न खाद्यान्नमा, कुनै पनि विषयमा हामी आत्म निर्भर नभएको अवस्थामा अरु ठाउँबाट आउने सामग्रीहरुको मूल्य केही बढेर आएको छ, तैपनि म यहाँ ढुक्कैका साथ के भन्न सक्छु भने मूल्यको सुलभता छैन । तर समानको उपलब्धताको समस्या छैन । अहिले पनि महंगो सामान भए पनि उपलव्ध सामान हरु छ यो अवस्था हामीले मन्त्रालयबाट वाच गरिराखेका छौं । अहिले यो २ महिनाको बिचमा १०४ पटक अनुगमन ठुला ठुला शहरहरुमा, विकासोन्मुक शहरहरुमा पोखरा जस्तो ठूलो शहरहरुमा भएको छ मन्त्रालयबाट । फेरी पनि यो अनुगमनलाई अझ तिव्रता दिन पर्ने हामीलाई पनि लागेको छ । मिसावट नहोस्, डेट एक्सपायर भएका सामानहरु बिक्री नहुन भनेर हामी सचेतना क्लास पनि चलाइरहेका छौं । अहिले पनि यो पालीको बजेटमा पनि यस प्रकारको व्यवस्था भएको छ । त्यसो भएको हुनाले नागरिकलाई पनि सचेतना गर्ने र उद्योग व्यवसायीहरुलाई पनि तपाईंहरु कानुन थाहा पाएनौं भनेर लापरबाही नगर्नुहोस् भनेर सचेत पार्ने उद्योग वाणिज्य संघ मार्फत व्यवसायीहरुलाई र नागरिकहरुलाई सामाजिक अगुवाहरुलाई राखेर त्यस्ता कार्यक्रमहरु हामी अगाडि बढाइरहेका छौ । यिनै कुराहरु राख्दै आफ्ना भनाइहरु अन्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, यो छलफल यहीं समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म गण्डकी प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संसोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संसोधन सर्वसमितिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संसोधन गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ, गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्र.सं. १ देखि १४ सम्म उल्लेखित संसोधन सर्वसमितिले गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधेयकको दफा १ देखि ४० सम्म गण्डकी प्रदेशमा पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य हुन्छ भन्नुहोला र यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य हुन्छ भन्नुहोस् । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन । तसर्थ, विधेयकको दफा १ देखि ४० सम्म सर्वसम्ममतीले गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधेकको प्रस्तावना र नाम  पढेर सुनाउँछु ।

प्रस्तावना : गण्डकी प्रदेशमा प्रदेशभित्रका पर्यटन क्षेत्रको संरक्षण, संबर्द्धन, प्रवर्द्धन र विकास मार्फत आन्तरिक तथा वाह्य पर्यटकको सुविधा हित र प्रदेशको आर्थिक विकासका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले  यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम गण्डकी प्रदेश पर्यटन ऐन २०७९ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयक र प्रस्तावनाको नाम गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अगं बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्ष हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।  हुन्न भन्ने  आवाज सुनिएन तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणिभद्र शर्मालाई गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७९ जेठ १२ गते प्रस्तुत भई मिति २०७९ जेठ ३१ गते विधायन समितिमा दफावार छलफलका लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन, तसर्थ गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो वैठक मिति २०७९ साल साउन १५ गते दिनको १ बजेको लागि स्थगित हुन्छ ।

# भर्वेटिममा संलग्न

**तयार गर्ने** **रुजु गर्ने** **कम्प्युटर सेटिङ् तथा प्रिन्टिङ्**

कन्चन कम्प्युटर सेवा रबिन्द्र घिमिरे सबिता कुमारी शर्मा

न्यूरोड पोखरा । ,अधिकृत )आठौं ( माइक संचालक

सबिता कुमारी शर्मा

माइक संचालक

**प्रमाणित गर्ने**

हरिराज पोखरेल
प्रदेश सभा सचिव